# अध्याय आठ

## कम्युनिस्ट पार्टीको सरकार र मनमोहन अधिकारीको नेतृत्व (२०५१–२०५२)

### ८.१ पृष्ठभूमी

गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन भएदेखि सरकार र विपक्षी दलहरूका बीच सम्बन्ध राम्रो रहन सकेन । कर्मचारी आन्दोलन, टनकपुर विवाद, दासढुङ्गा आदि जस्ता घटनाले तिक्तता बढाउदै लग्यो । सरकार ढलाउन विपक्षीहरूले वि.सं.२०५० फागुनमा सरकारका विरुद्ध अविश्वासको प्रस्ताव राखेका भए पनि विफल भयो (नेकपा एमाले, वि.सं.२०५० चैत्र २) । तर जति बेला सरकार विघटन भयो त्यो कांग्रेस पार्टीभित्रको आन्तरिक कलहका कारण थियो । पूर्णबहुमतको सरकार त्यसरी भ्वाट्टै गिर्ला भनेर कसैले पनि सोचेका थिएनन् । तर प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सरकार सञ्चालन गर्ने कुरामा आफूलाई असफल पाएपछि संवैधानिक विकल्पहरू रहँदा रहँदै आफ्नै पार्टीमा रहेर सरकारको बिरोध गर्ने र विपक्षीहरूलाई ठेगान लगाउने उद्देश्यले मुलुकलाई मध्यावधि निर्वाचनमा धकेले । हुन पनि संसद्मा अप्ठ्यारो पर्नासाथ प्रधानमन्त्रीले मध्यावधिको कुरा उठाउने गरेका थिए । त्यतिबेला मनमोहन अधिकारीले प्रजातन्त्र आएको र संसदको कार्यभार प्रारम्भ भएको दुई वर्ष भएको छैन तर तपाइहरू हामीलाई मध्यावधिको धम्की दिनुहुन्छ ? मध्यावधिका कुरा गर्नु पागलपन हुन्छ भन्दै प्रतिवाद गर्ने गरेका थिए (रिजाल, वि.सं.२०६४, पृ. १६३) । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मध्यावधिमा जान गरेको निर्णयका विरुद्ध स्वयम् नेका नै सहमत थिएन भने कुनै बेला मध्यावधि निर्वाचनका लागि तयार रहन भन्दै आएको एमाले पार्टीले पनि उक्त कदमको विरोध गऱ्यो (भट्राई र अधिकारी, वि.सं.२०५१ श्रावण १२, परिशिष्ट सात) ।

संसद्मा अल्पमतमा परेका प्रधानमन्त्रीले राजीनामा दिइसकेपछि मध्यावधि निर्वाचनको सिफासिर गर्नु गैरसंबैधानिक भएकाले प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै सर्वोच्च अदालतमा रीट परेको हुँदा कस्तो निर्णय आउने हो भन्ने अन्योल थियो । तथापि एमालेले दास ढुङ्गा, टनकपुर सन्धि, सन्धि ऐन जस्ता कारण गिरिजाप्रसाद कोइरालाले मध्यावधि निर्वाचन गर्न र संसद् भङ्ग गर्न सक्ने सम्भावना रहेको ठहर गर्दै मध्यावधि चुनावको सामना गर्न मानसिक रूपमा तयार रहन निर्देशन त्यसअघि नै दिएको थियो (नेकपा एमाले, वि.सं.२०५० असार) । सर्वोच्च अदालतले पनि प्रधानमन्त्रीले चालेको कदमलाई कानुनसम्मत भन्दै फैसला गरेपछि राजनीतिक पार्टीहरूको सम्पूर्ण ध्यान निर्वाचनतर्फ खिचिन पुग्यो । तथापि एमाले संसदीय दलको बैठकले गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले निष्पक्ष चुनाव गर्न नसक्ने हुँदा सर्वदलीय सरकारको माग गरेको थियो ।

## ८.२ मध्यावधि निर्वाचन र परिणाम

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मध्यावधि निर्वाचनको माग र प्रतिनिधिसभाको विघटन गरेको घोषणा संबैधानिक हिसावले ठीक देखिए तापनि जनचहाना अनुकुलको निर्णय थिएन । जनताले दशकौंदेखि भोग्दै र झेल्दै आएका समस्याको निराकरण हुने र विकासको गतिले फड्को मार्ने आशामा थिए । त्यसकारण उक्त निर्णय व्यवहारिक दृष्टिले बेठिक थियो । प्रजातन्त्र पुनस्थापनापछि भएको पहिलो आमनिर्वाचनमा जनताले जुन उत्साह र उल्लासका साथ नेकालाई सरकार बनाउने जनादेश दिएका थिए, त्यो कुरालाई सरकारको नेतृत्व गरेका गिरिजाप्रसाद कोइरालाले बिर्सिए । संसद्लाई कसरी जीवन्त बनाउने, सरकारलाई कसरी जनउपयोगि बनाउने भन्ने कुरातिर उनको मात्र होइन समग्र कांग्रेस पार्टीकै ध्यान जान सकेन । नेकाभित्रकै खिचलो र आन्तरिक मतभेदले सबै कुरा छताछुल्ल हुन पुग्यो । नेकाको आन्तरिक झगडा र त्यसमा पनि गिरिजाप्रसाद कोइरालाको हवल्दारी पाराका कारण नै मध्यावधि निर्वाचन हुन गयो (राई, वि.सं.२०७० भदौ ३) । त्यो कदमप्रति स्वयम् नेकाका नेता गणेशमान सिंहको धारणालाई भीमराज अर्यालले (वि.सं.२०५१) यसरी उल्लेख गरेको पाइन्छ :

> मध्यावधि निर्वाचनको प्रमुख र मूल कारण प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नै हुन् । नेकाका सांसदहरूले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजीनामा मागेका हुन् नकि मध्यावधि निर्वाचन । कोइरालाले पद त्याग्न नपरोस् भनेर नै पार्टीको सल्लाह विपरित मध्यावधिको घोषणा गरे । मध्यावधि निर्वाचनको आवश्यकता थिएन । यो जबरजस्त लादिएको हो । (पृ. ५१) ।

उपर्युक्त भनाईबाट के प्रष्ट हुन्छ भने गिरिजाप्रसाद कोइरालाले चाहेको भए बहुमतको अर्को सरकार बन्न सक्थ्यो । तर आफू हटेपछि प्रधानमन्त्रीमा अर्को व्यक्ति नजाओस् भन्ने हेतुले मध्यावधि निर्वाचनको माग गरेका थिए । उक्त कुरालाई एमालेसँग नेकाका नेता गणेशमान सिंह र कृष्णप्रसाद भट्टराइले गिरिजाप्रसाद कोइरालाले राजीनामा दिने र त्यस स्थानमा नेकाकै अर्को व्यक्ति प्रधानमन्त्री हुने गरी गरेको समझदारीबाट पनि प्रष्ट हुन्छ (नेकपा एमाले, वि.सं.२०५० भाद्र २) ।

निर्वाचनको घोषणापछि प्राय सबै वामपन्थी दलहरूले ‘एक ठाम एक वाम’को नारालाई चर्चामा ल्याउने गरेका थिए । जुन चर्चा त्यस पटक पनि भयो । नीतिगत रुपमा एमालेले आमनिर्वाचनबाट संसदमा बहुमत प्राप्त गरी सरकार बनाउने उद्देश्यका साथ र अरू केही कम्युनिस्ट समूहले संसदीय व्यवस्थालाई भण्डाफोर गर्ने मञ्चका रूपमा उपयोग गर्ने नीति लिएर चुनावमा भाग लिंदै थिए (के.सी., वि.सं.२०६५, पृ. २४६) । देख्दा नीतिगत जस्तो भए तापनि सानाभन्दा साना कुरामा अल्झिरहेको अवस्थामा चुनावी एकताका लागि जोड दिंदै मनमोहन अधिकारीले ‘नेकाले ७ पुस्ताको गल्ती बिर्सदा हुन्छ हामी वामपन्थीहरूमात्रै दुरविन लगाईलगाई

गल्ती केलाई रहन्छौं । यसै कारणले त कांग्रेसले थाङ्नामा सुताउँछ । अहिले कांग्रेस फुटेको मौका छ हामी एक ठाम एक वाम भएर चुनाव लडौं र नेकालाई डाँडा कटाऔं' भन्दै आफ्ना मतभिन्नताहरूलाई विर्सन आग्रह गरेका थिए । वार्ताका क्रममा एकले अर्कालाई कमजोर देख्ने तर आफ्नो हैसियत कुन स्तरको छ भनेर वस्तुनिष्ठ भएर मूल्याङ्कन गर्न नसकेका कारण वामतालमेलका लागि गरिएका प्रयास सफल भएनन् । त्यसपछि सबै वामघटकहरूले आआफ्ना उम्मेदवार उठाए । यद्यपि स्थानीय तहमा एक दुई ठाउँमा गरिएका वामएकताले राष्ट्रिय राजनीतिमा खासै फरक पार्न सकेन । एमालेको टिकट पाएर चुनाव लड्नेहरूसँग चलअचल सम्पती विवरण पेश नगर्ने नेताहरूलाई उम्मेदवार नबनाउने गरी आचारसङ्हिता नै बनाएको थियो (नेकपा एमाले, मध्यावधि निर्वाचन २०५१ मा नेकपा एमालेका उम्मेदवारहरूले पालना गर्नु पर्ने आचार संहिता, परिशिष्ट नं.आठ ) । नेकपा एमालेले २०५ मध्ये २०० स्थानमा उम्मेदवार उठायो । एमालेका अध्यक्ष मनमोहन अधिकारीले त्यसअघि सुनसरीबाट चुनाव लडेका भए तापनि त्यसपटक काठमाडौं क्षेत्र नं. १ र ३ बाट उम्मेदवारी दिएका थिए ।

### ८.२.१ चुनावी अभियानमा मनमोहन अधिकारी

नेपाली कांग्रेसको आन्तरिक कलहका कारण हुन गएको मध्यावधि निर्वाचनलाई आफ्नो पक्षमा ल्याउने अभियानका साथ एमालेले चुनावी प्रसार थाल्यो । त्यसका लागि "आगामी सरकार एमालेको देश भक्त र प्रजातन्त्रवादीको" भन्ने नारालाई अगाडि सार्दै भावी सरकारका बारेमा स्पष्ट दृष्टिकोण ल्याएयो भने प्रतिस्पर्धि दल नेकाका विरुद्ध पनि चुनावी नारा तय गर्दै "सर्वसत्तावादी नेपाली कांग्रेसलाई हराऔं राष्ट्र र प्रजातन्त्र जोगाऔं" भन्ने नारा तय गऱ्यो (नेकपा एमाले, वि.सं.२०५० भाद्र १३) । पार्टीले तय गरेका तिनै नारा लिएर मनमोहन अधिकारी देशका विभिन्न स्थानमा पार्टीले आयोजना गरेका आमसभाहरूमा सम्बोधन गर्न पुगे । उनले जनतालाई प्रष्ट रुपमा भन्ने गरेका थिए कांग्रेसको विकल्प कांग्रेस हुन सक्दैन । त्यही क्रममा उनले बहुदलीय व्यवस्थाको स्थापनापछि सरकार चलाएको कांग्रेसको शासनकालका बारेमा व्यक्त गरेको धारणा युगसम्वाद साप्ताहिकले यसरी उल्लेख गरेको पाइन्छ :

> नेपाली जनताले कांग्रेसलाई ५ वर्षको लागि शासनको अभिभारा दिएर पठाएका थिए । तर दुःखका साथ भन्नुपर्दा गिरिजाप्रसादले ३ वर्षको अवधिमा पटकपटक जनहत्याको काम गरे । सारा प्रशासनलाई कोइरालामुखी बनाएर बालुवाटारको घेरामा बसे । भ्रष्टाचार, अत्याचार र अनैतिक आदि काम गर्दै देशको शासन व्यवस्थालाई पकेटको सानो सुपारीको टुक्राजस्तो व्यवहार गरे । फलतः गिरिजाप्रसाद कोइरालाको गलत कार्य र गलत पद्दतिले गर्दा आफ्नै ३६ जना सांसदका कारण सरकार पतन हुन पुग्यो । नेकालाई ६ पटकसम्म इतिहासले मौका दिँदा पनि केही गर्न नसकेकाले यो देश बनाउला भनेर सोच्नु खरायोको सिंङ खोज्नु जस्तै हो । त्यसैले यसपटकको मध्यावधि निर्वाचनमा तपाईंहरूले नेकालाई सत्ताच्युत गर्नु पर्दछ । (वि.सं.२०५१ कार्तिक ८)

उपर्युक्त भनाइलाई हेर्दा पटकपटक मौका पाउदा काम गर्न नसक्ने पार्टीले फेरि पनि काम गर्ला भनेर आशा गर्नु भ्रममात्र हो भन्ने रहेको थियो । चुनावी मैदानमा नेका र एमालेका बीचमा नै प्रतिस्पर्धा रहेको स्पष्ट हुन्थ्यो । चुनाव प्रचारका क्रममा एमालेले नेकालाई र नेकाले एमाललेलाई नै केन्द्रित गरी आलोचना गर्ने गरेका थिए । नेकाका कतिपय नेताहरूले विपक्षीदलहरूका कारण मध्यावधिमा जानु परेको भनाईसमेत राखेका थिए । त्यसखालका भनाईको प्रतिवाद गर्ने क्रममा मनमोहन अधिकारीले प्रजातन्त्र पुनर्स्थापना गर्नका लागि कम्युनिस्टहरूको पनि कम योगदान छैन् । ३६ प्रतिशत मत ल्याएका वामहरूलाई ३७ प्रतिशत मत ल्याएको नेकाले दमन गरी रहेको छ त्यो क्रम अव धेरै चल्दैन । पूर्व मेचीदेखि उदाएको रातो सूर्य महाकालीसम्म पुग्ने छ भन्दै मुलुकले व्यहोरेको अवस्थाको जिम्मेवार नेका रहेको दावी गर्दै मध्यावधि निर्वाचनलाई षडयन्त्रका रूपमा आएको बताइरहेका थिए (कान्तिपुर, वि.सं.२०५१ कार्तिक २६) । हुन पनि उक्त निर्वाचन समयको माग थिएन ।

सत्तासीन पार्टी नेपाली कांग्रेसको आन्तरिक झगडा र शक्तिको खिचातानिका कारण अप्रत्याशित रूपमा घोषित मध्यावधि निर्वाचन उसैका लागि घातकसिद्ध हुँदै गयो । नेपाली कांग्रेसका २०५ आधिकारिक उम्मेदवारका विरुद्ध ८/१० वटा क्षेत्र बाहेक अन्यमा पार्टीमा पदीय दायित्व निर्वाह गरिरहेका कार्यकर्ताहरूले उम्मेद्धवारी दिए । त्यसै गरी एकथरी कांग्रेसहरू गिरिजामार्का कांग्रेसलाई जसरी भए पनि हराऔं' भन्ने गणेशमान सिंहको आह्वानलाई बोकेर आआफ्नो जिल्लामा सक्रिय रहे । त्यसका अतिरिक्त टिकट नपाएर क्रुद्ध भएकाहरू एकअर्काका विरुद्व उम्मेदवार भएका थिए । अर्थात नेकाभित्र गुटमा विभाजित भएका चवत्तरेका विरुद्व छत्तीसे र छत्तीसेका विरुद्व चवत्तरे लागे (देशान्तर साप्ताहिक, वि.सं.२०५१ असोज २३) । नेकपा एमालेको 'आगामी सरकार एमालेको देशभक्त र प्रजातन्त्रवादीको' भन्ने नाराले मतदाताहरूलाई आकर्षण गर्न पनि सफल हुँदै गयो ।

मनमोहन अधिकारीसँगै मिल्दोजुल्दो भनाई गणेशमान सिंहको पनि थियो । उनले गिरिजाप्रसाद कोइराला जनअपराधि भएकाले चुनावमा उनलाई र उनका मतियारहरूलाई पराजित गरेर उनले तीन वर्षमा गरेका जनविरोधी कार्यको हिसाव चुक्ता गर्न अनुरोध गरे (युगसम्वाद साप्ताहिक, वि.सं.२०५१ कार्तिक ८) । नेकाका कार्यवहाक अध्यक्ष कृष्णप्रसाद भट्टराइले समेत साना पार्टीहरूलाई मत दिनु सदुपयोग नहुनु जत्तिकै हो भन्ने धारणा राखेका थिए (गोरखापत्र, वि.सं.२०५१ असोज २३) । चुनाव प्रचारको शैली हेर्दा गिरिजाप्रसाद कोइरालाले गरेका कामको चौतर्फीबाट आलोचना भयो । विपक्षीहरूले विरोध गर्नु स्वभाविक भए तापनि नेकांकै नेता एवम् कार्यकर्ताको विरोधले त्यसको सकारात्मक प्रभाव एमालेलाई पर्नगयो । गणेशमान सिंहको गिरिजामार्का प्रवृति हराउँ भन्ने अभिव्यक्तिलाई एमालेले आफ्नो चुनावी प्रचारलाई प्रभावकारी

बनाउने एक अस्त्रको रूपमा प्रयोग गऱ्यो । काठमाडौंमा एमालेको अन्तिम सभालाई सम्बोधन गर्दै मनमोहन अधिकारीले कांग्रेस उपत्यकाबाट मात्र होइन देशभरी बाटै हार्ने उद्घोष गर्दै नेकाले ढाँटको राजनीति गरेको छ र ढाँटको राजनीति सधैं नचल्ने चेतावनी दिए (कान्तिपुर, वि.सं.२०५१ कार्तिक २७) । चुनावी प्रचार अभियानमा मनमोहन अधिकारी खरो रूपमा उत्रेका थिए । नेका प्रतिरक्षात्मक शैलीबाट प्रचारप्रसार अभियानमा थियो भने एमाले आक्रामक शैलीमा थियो । चुनाव प्रचारप्रसारको अभियानमा सुरुदेखि नै एमाले अग्रस्थानमा रहेको देखिन्थ्यो । कतिपय स्थानमा झडपका घटना भए तापनि तोकिएकै मितिमा निर्वाचन भयो । मनमोहन अधिकारीले काठमाडौं क्षेत्र नं. १ खड्का टोल भद्रकालीमा मतदान गरेका थिए (कान्तिपुर, वि.सं.२०५१ कार्तिक ३०) ।

निर्वाचनमा भाग लिएका २४ वटा राजनीतिक दलहरूमध्ये नेकपा एमाले ८८, नेका ८३, राप्रपा २०, नेपाल मजदुर किसान पार्टी २, नेपाल सद्भावना पार्टी २ स्थानमा विजय हासिल गरेका थिए । त्यसदेखि बाहेक स्वतन्त्र ७ उम्मेदवारहरू विजयी भएका थिए । तर चुनाव लडेका वाँकी १९ वटा दलका कुनै पनि उम्मेदवार विजयी हुन सकेनन् (अन्तर्राष्ट्रिय मञ्च मासिक, वि.सं.२०५२, पृ. ४०) । आमनिर्वाचन वि.सं.२०५१ को परिणाम अप्रत्याशित रूपले फरक रह्यो । वि.सं.२०४८ सालको संसदीय निर्वाचनको परिणामसँग तुलना गर्दा नेकपा एमालेको पकड क्षेत्र मानिएका पूर्वीनेपालका मेची अञ्चलका कतिपय क्षेत्रहरूमा आफ्नो वर्चस्व कायम राख्न सकेनन् । त्यसै गरी नेका काठमाडौं उपत्यकाबाट एक स्थानमा पनि विजयी भएनन् । उसले आफ्नो पकड क्षेत्र भनी दावी गरेको सदूर पश्चिमाञ्चल क्षेत्रमा ५० प्रतिशत स्थान गुमाउनु पऱ्यो । बरु आफ्नै आधिकारिक उम्मेदवारका विरुद्ध विद्रोही भएर स्वतन्त्र उम्मेदवारको रूपमा उठेकाहरूमध्ये ४ जना विजयी भएका थिए (बस्नेत, वि.सं.२०५३, पृ. ३२) । जनता कसैका पेवा हुन नसक्ने कुरा ठाउँ ठाउँमा जित्ने उम्मेदवारबाट प्रष्ट देखिन्थ्यो ।

## ८.३ संसदीय दलको नेतामा मनमोहन अधिकारी

मध्यावधि निर्वाचनको परिणाम आइसकेपछि नेकपा एमालेको वि.सं.२०५१ साल मङ्सिर ६ गते संसदीय दलको पहिलो बैठक बस्यो । उक्त बैठकमा स्थायी समितिका सदस्य खड्गप्रसाद ओलीले मनमोहन अधिकारीलाई संसदीय दलको नेता बनाउने प्रस्ताव राखे । उक्त प्रस्तावलाई रुपन्देही क्षेत्र नं. ३ तथा सुनसरी क्षेत्र नं. १ बाट निवार्चित सांसदद्वय क्रमशः मोदनाथ प्रश्रित तथा श्रीमती लीला श्रेष्ठ सुब्बाले सर्मथन गरे । त्यस क्रममा खगराज अधिकारी तथा केशव बडालले प्रस्तावमा टिप्पणि गर्दै संसदीय दलको नेताले राष्ट्र, राष्ट्रियता र जनताको हितलाई सर्वोपरि महत्व दिनु पर्ने सुझाव दिएका थिए । मनमोहन अधिकारी नेकपा एमाले संसदीय दलको नेतामा

सर्वसम्मतिबाट चयन भएको कुरा पार्टीद्वारा जारी गरिने अन्तर पार्टी निर्देशन मार्फत पार्टीको तल्लो निकायसम्मलाई जानकारी गराएको थियो (नेकपा एमाले, वि.सं.२०५१ माघ २७) ।

संसदीय दलको नेतामा चयन भएपछि उनले सभापतिको आसनबाट सम्बोधन गर्दै एमालेका लागि नेकासँग मिलेर सरकार बनाउने सम्भावना खोजिएको भए तापनि दुबै दलबीच प्रशस्त नीतिगत मतभेद रहेको हुँदा पार्टीले अल्पमतको सरकार चलाउनु बाहेक विकल्प नरहेकाले जनताले दिएको जिम्मेवारी निर्वाह गर्ने दृढता व्यक्त गरे । त्यसै क्रममा उनले रिटायर हुने समयमा पार्टीले जुन अपार विश्वास दिएको छ त्यसलाई व्यक्त गर्ने कुनै शब्दै नभएको धारणा राख्दै आफूले दृढ विश्वासका साथ काम गर्ने प्रतिबद्धता व्यक्त गरे (कान्तिपुर, वि.सं.२०५१ मङ्सिर ८) । मनमोहन अधिकारी पार्टीमा शीर्षस्थ नेता भएको हुँदा उनलाई दलको नेता छान्ने क्रममा कुनै मतमतान्तर र अन्तरविरोध थिएन । उनको वरिष्ठता र व्यक्तित्वको अगाडि अन्य नेताहरूले दावी गर्ने अवस्था पनि थिएन । त्यसो हुनुमा मनमोहन अधिकारी बाहेक अरु सबैजसो नेताहरू समान हैसियतमा रहेको हुँदा विवाद आउनेदेखि सुरुमा नै उनको नाम प्रस्ताव गरिएको देखिन्छ ।

## ८.४ विभिन्न दलहरूबाट सरकार बनाउने प्रयास

नेपाली कांग्रेस आफै सरकारमा रहेर गराएको निर्वाचनमा दुईतिहाइको आकाङ्क्षा राखे पनि अन्तमा उसलाई निराशामात्र हात लाग्यो । निर्वाचनमा कुनै दलले पनि बहुमत पाउन सकेनन् । तथापि नेकपा एमाले सबैभन्दा ठूलो दलको रूपमा स्थापित हुन पुग्यो । तर स्पष्ट बहुमत कसैको पनि नआएपछि नेपालको राजनीतिमा रिक्तता देखिन गयो । नेपाल अधिराज्यको संविधान २०४७ को धारा ३६ अनुसार स्पष्टरूपमा बहुमत प्राप्त दलको नेतालाई प्रधानमन्त्री बनाउने प्रावधान थियो । यदि त्यसो हुन नसकेको खण्डमा धारा ३६ स्वतः निश्क्रिय भई धारा ४२(१) क्रियाशील हुने अवस्था थियो (नेपालको संविधान २०४७, वि.सं.२०४७, पृ. ११) । त्यसैले धारा ४२(१) लाई क्रियाशील बनाउन राजा वीरेन्द्रबाट संविधानको धारा ४२(१) बमोजिम प्रधानमन्त्री पदमा नियुक्तिका लागि प्रतिनिधिसभाका सदस्यहरूको बहुमतको विश्वास प्राप्त गर्ने सदस्यलाई जाहेर गर्न आह्वान भयो । चुनावी परिणामपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले परिणाम अप्रत्याशित रहेको महसुस गरी नेका मुलुकको बलियो प्रतिपक्षीमा रहने जनादेश भएको कुरा व्यक्त गरेका थिए । राजाको उक्त आह्वानपछि प्रतिपक्षमा बस्ने जनादेश पाएको भने तापनि नेकां सकेसम्म सत्ताबाट बाहिरिन नपरोस् भन्नेमा थियो । त्यसैले उसले सुरुमा बहुमत पुऱ्याई सरकार गठन गर्ने प्रयास गर्न थाल्यो । राजाबाट आह्वान भएअनुसार कसैले पनि बहुमत पुऱ्याएर दावी गर्न सकेनन । राजाबाट पुनः दोस्रो पटक आह्वान भयो । त्यसपटक पनि कसैले बहुमत पुऱ्याएको दावी गर्न सकेनन् ।

वि.सं.२०४८ को आमनिर्वाचनमा ४ स्थानमा विजयी राष्ट्रिय प्रजातन्त्र पार्टी त्यसपटक २० स्थानमा विजयी भएको थियो । सरकार गठनमा उक्त पार्टीको सर्मथन लिनु अनिवार्य जस्तै थियो । एमालेले निर्वाचन परिणामले उत्पन्न गरेको राजनीतिक स्थितिको विश्लेषण गर्दै संविधानको धारा ४२(२) अनुरुपको सरकार गठनका लागि प्रयन्न गर्ने निर्णय गऱ्यो (नेकपा एमाले, वि.सं.२०५१ माघ २७) । कम्युनिष्ट पार्टीलाई सरकारमा जान नदिन कांग्रेस र राप्रपाको बीचमा अन्तिम समयसम्म प्रयास भइरह्यो । तर विभिन्न राजनीतिक शक्तिहरूको आपसी अन्तरविरोध र त्यसले उत्पन्न गरेको परिस्थितिका कारणले सफलता पाउन सकेन । अन्तमा राप्रपाले सरकारमा सामेल नहुने निर्णय गऱ्यो । राप्रपाको उक्त निर्णयपछि नेकां प्रमुख प्रतिपक्षमा रहने निर्णय गर्न बाध्य भयो ।

मनमोहन अधिकारीले सुरुदेखि नै समीकरण गर्नु पर्ने स्थितिमा राप्रपा, गिरिजाप्रसाद सर्मथक सांसद र सद्भावना पार्टीसँग कुनै गठबन्धन नगरी अन्य पार्टीहरूसँगमात्र समीकरण मिलाई सरकार गठन गर्ने मनस्थितिमा थिए । उनले देश र जनताको हितका लागि ५० वर्षदेखि सङ्घर्ष गर्दै आएको आफ्नो पार्टीको गौरवमय परम्परा रहेको भन्दै त्यही सकारात्मक योगदानका कारण जनताले एकमात्र विकल्पका रुपमा आफ्नो पार्टीलाई छानेकाले स्वच्छ, मिहिनेती, पारदर्शी र जवाफदेही सरकार दिने दाबी गरिरहेका थिए । राप्रपा र नेकाको प्रतिपक्षमा बस्ने निर्णयले संविधानको धारा ४२(१) पनि निश्क्रिय हुन पुग्यो । अर्कोतर्फ तोकिएको अवधिसम्म पनि कुनै सांसद सदस्यबाट विश्वासको मत प्राप्त गरेको राजा समक्ष जाहेर हुन नसकेपछि नेकपा एमालेको अल्पमतको सरकार बन्ने स्थिति देखा पऱ्यो । कुन पार्टीले कस्तो सरकार बनाउने भन्ने अन्यौल रहेकै अवस्थामा नेकपा एमालेले सरकार बनाउने कुराले नेपालको राजनीतिमा एक किसिमले हलचल नै ल्यायो । कम्युनिस्ट पार्टीले सरकारको नेतृत्व गरेको कुरालाई सहज रुपमा लिन नसक्नेहरूले एमालेको सरकार चल्नै सक्दैन, भारतलगायतका विभिन्न मुलुकहरूले सहयोग गर्दैनन् । बरु नाकावन्दी लगाउँछन् भन्नेजस्ता कुराहरूको भविष्यवाणी गरिरहेका थिए । कतिपय बुद्धिजिवी र राजनीतिक विश्लेषकहरूले समेत त्यस्तै तर्क गरिरहेका थिए ।

## ८.५ सरकार गठन र नेतृत्व

संसदमा कसैको पनि बहुमत नआएको हुँदा सरकार गठनमा स्पष्ट मार्ग देखिएको थिएन । वामपन्थीहरू बीच चुनावी तालमेल गरेर साझा उम्मेदवार खडा गर्न सकेको भए नेपालमा वापन्थीको बहुमतको सरकार बन्न सक्दथ्यो भन्ने कुरा परिणामले पुष्टि गरेको थियो । नेकपा एमालेले आफ्नो सङ्गठनको अधिक मूल्याङ्कन गरी अन्य वामघटकहरूसँग चुनावमा तालमेल गर्न नसकेकै कारण अल्पमतको सरकार गठन हुने स्थितिमा पुग्यो । नेकाले आफ्नो नेतृत्वमा सरकार

गठन गर्न गरेको प्रयास असफल भएपछि अन्ततः वि.सं.२०५१ साल मङ्सिर १३ गते नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४२(२) बमोजिम प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्य भएको दल नेकपा एमालेको संसदीय दलका नेता मनमोहन अधिकारीलाई राजाले प्रधानमन्त्रीमा नियुक्त गरे (गोरखापत्र, वि.सं.२०५१ मङ्सिर १४) । नेपालमा पहिलो पटक कम्युनिस्ट पार्टीको तर्फबाट उनी प्रधानमन्त्री भए । पार्टीले सरकारको गठन गर्न पाएको अवस्थाका बारेमा मूल्याङ्कन गर्दै अन्तत मुलुकभित्र विद्यमान राजनीतिक अन्तरविरोधको ठोस विश्लेषण गर्दै पार्टी नेतृत्वको तर्फबाट कुशलतापुर्वक दाउपेच सञ्चालन गरिनुका कारण एमालेको नेतृत्वमा सरकार गठन गर्न सफल भयो भनी उल्लेख गरेको थियो (नेकपा एमाले, वि.सं.२०५१ माघ २७) । एमालेको केन्द्रीय कमिटीको बैठकले महासचिव माधव कुमार नेपाल लगायत केन्द्रीय कमिटीभित्रका ११ जना र केन्द्रीय कमिटीभन्दा बाहिरबाट ४ जनालाई मन्त्रीमण्डलमा समावेश गरी १५ जनाको मन्त्रिमण्डल गठन गर्ने निर्णय गर्‍यो । यसबाट के प्रष्ट देखिन्छ भने एमाले सुरुदेखि नै आफ्नै नेतृत्वमा सरकार बनाउने प्रयासमा थियो जुन कुरामा ऊ सफल पनि भयो ।

राजा वीरेन्द्रले संविधानमा व्यवस्था भएअनुसारका सबै विकल्पहरूलाई एकएक गर्दै खुला राखेका थिए । मनमोहन अधिकारीलाई प्रधानमन्त्रीमा नियुक्त गर्नुअघि संविधानका विभिन्न धारा-उपधाराको विकल्प खुल्ला राख्दै जाँदा ति सबै बिफल हुँदै गएपछिमात्र ४२(२) को प्रयोग गरिएको थियो । जुन धारा र अवस्थाबाट सरकार गठन भएको भए तापनि सहमति, राष्ट्रियता, प्रजातन्त्र र जनजीविकाको सवालमा सरकार क्रियाशील हुने कुरा प्रधानमन्त्रीले व्यक्त गरेका थिए ।

### ८.५.१ सपथग्रहण

नवनियुक्त प्रधानमन्त्रीसहित मन्त्रिमण्डलका अन्य सदस्यहरूलाई सपथग्रहणका लागि दरवारबाट बोलावट हुँदै गर्दा पार्टीले मन्त्रीमण्डलमा सहभागी हुने भनेका सबैलाई बागबजारमा रहेको पार्टी कार्यालयमा बोलाएको थियो । त्यहाँबाट राजदरवार पुग्न पार्टीले नै मिनीबसको व्यवस्था गरेको थियो । त्यही बस चढेर सबैजना एकसाथ सपथग्रहणका लागि राजदरवार पुगेका थिए (अधिकारी, वि.सं.२०६४, पृ. २४९) । मङ्सिर १४ गतेका दिन राजा वीरेन्द्रबाट नारायणहिटी राजदरबारमा आयोजित एक समारोहमा नवनियुक्त प्रधानमन्त्री मनमोहन अधिकारीलाई पद तथा गोपनीयताको सपथग्रहण गराए । उक्त समारोहमा युवराज दीपेन्द्र, नेकाका सभापति कृष्णप्रसाद भट्टराई, नेता गणेशमान सिंह, सद्भावना पार्टीका अध्यक्ष गजेन्द्र नारायण सिंहलगायत विभिन्न नेता एवम् विदेशी कुटनीतिज्ञहरूको उपस्थिति रह्यो । त्यसैक्रममा राजा वीरेन्द्रबाट नेपाल अधिराज्यको संविधान २०४७ बमोजिम प्रधानमन्त्री मनमोहन अधिकारीको सिफारिसमा निजकै अध्यक्षतामा उप-प्रधानमन्त्री, मन्त्री र राज्यमन्त्रीहरू सम्मिलित १५ सदस्यीय मन्त्रिपरिषद् गठन

गरी कार्यविभाजन समेत गरियो । मनमोहन अधिकारीको नेतृत्वमा गठित मन्त्रिमण्डल यस प्रकार रहेको थियो :

| | | |
|---|---|---|
| १. श्री मनमोहन अधिकारी | प्रधानमन्त्री | राजदरबारसम्बन्धी । |
| २. श्री माधवकुमार नेपाल | उपप्रधानमन्त्री | रक्षा र परराष्ट्र । |
| ३. श्री खड्गप्रसाद ओली | मन्त्री | गृह । |
| ४. श्री चन्द्रप्रकाश मैनाली | मन्त्री | स्थानीय विकास र आपूर्ति । |
| ५. श्री भरतमोहन अधिकारी | मन्त्री | अर्थ । |
| ६. श्री राधाकृष्ण मैनाली | मन्त्री | कृषि र भूमिसुधार तथा व्यवस्था । |
| ७. श्री मोदनाथ प्रश्रित | मन्त्री | शिक्षा, संस्कृति तथा समाज कल्याण । |
| ८. श्री प्रदीप नेपाल | मन्त्री | सूचना तथा सञ्चार । |
| ९. श्री पद्मरत्न तुलाधर | मन्त्री | श्रम र स्वास्थ्य । |
| १०. श्री अशोककुमार राई | राज्यमन्त्री | निर्माण तया यातायात । |
| ११. श्री सलिम मिया अन्सारी | " | वन तथा भू-संरक्षण । |
| १२. श्री प्रेमसिंह धामी | " | आवास तथा भौतिक योजना । |
| १३. श्री सुवासचन्द्र नेम्वाङ्ग | " | कानुन न्याय तथा संसदीय व्यवस्था र सामान्य प्रशासन । |
| १४. श्री भीम रावल | " | वाणिज्य र पर्यटन तथा नागरिक उड्ययन । |
| १५. श्री हरिप्रसाद पाण्डे | " | उद्योग र जलश्रोत ।(परिशिष्ट नं. नौ) |

मनमोहन अधिकारीले प्रधानमन्त्रीको शपथ ग्रहणपछि पहिलो पटक देशवासीका नाममा दिएको सन्देशलाई गोरखापत्रले यसरी प्रस्तुत गरेको पाइन्छ :

> राज्य सञ्चालनको प्रक्रियामा राष्ट्रिय सहमतिको सर्वोपरि महत्व दिएर राष्ट्रिय सहमतिको आधारलाई बलियो बनाउने तथा त्यसको अवलम्बन गरिने छ । राजनीतिक दलहरूका बीच रहेको द्वन्द्व र असमझदारिलाई पारस्परिक सम्बाद र अन्तर्क्रियाबाट हटाउदै विद्यमान जटिल राजनीतिक परिस्थितिमा राष्ट्रिय सहमतिको आधारलाई सुदृढ तुल्याउन अग्रसर रहन म सबैलाई जिम्मेवार राजनीतिक नेता र दलहरूलाई यस अवसरमा आह्वान गर्न चाहन्छु । सबैले गम्भिर भएर प्रयास गरेको खण्डमा राष्ट्रिय सहमतिको उपयुक्त आधार र पद्वति स्थापित हुनसक्छ तथा त्यसले हाम्रो देशको राजनीतिक स्थिरताले आर्थिक विकासमा टेवा पुग्न सक्छ एवम् शान्ति र अमनचैन अक्षुण रहन सक्छ । (वि.सं.२०५१ मङ्सिर १५)

देशवासीका नाममा दिएको उपर्युक्त सन्देशलाई हेर्दा अल्पमतमा रहेको कम्युनिस्ट सरकारका मूलभुत दिशा र लक्ष्य तथा कार्यक्रमलाई नेपालको इतिहासको विकासमा रहेको निरन्तरताको प्रक्रियासँग जोड्नु नै रहेको देखिन्छ । उनले राष्ट्रिय हितलाई सर्वोपरि राख्ने

आधारमा सहमतिको प्रणालीलाई सुरु र विकसित गर्ने कुरालाई प्राथमिकतामा राखेर अघि बढ्ने मार्ग चित्र बनाएको स्पष्ट हुन्छ ।

नेपालमा पहिलो पटक कम्युनिस्ट पार्टीले सरकारको नेतृत्व गरिरहँदा समाजवादी आन्दोलन अन्तर्राष्ट्रिय रूपमा नै रक्षात्मक अवस्थामा थियो । सोभियत सङ्घ, पूर्वीयुरोपलगायतका विभिन्न मुलुकहरूमा समाजवादी भनिएका शासन प्रणाली विस्थापित भइरहेका थिए । धेरै देशहरूमा कम्युनिस्ट तथा श्रमिक पार्टीहरू भङ्ग हुँदै थिए । विश्वमा भइरहेका त्यस्ता घटनाहरूलाई अघि सार्दै नेपालभित्रकै कम्युनिस्ट पार्टीको विपक्षमा रहेका शक्तिहरूले 'अव नेपालमा पनि कम्युनिस्टहरूका दिन गए' भन्दै सार्वजनिक रूपमा टिप्पणीहरू भइरहेका थिए । विश्वपरिवेशमा देखिएका त्यस्ता घटना तथा मुलुकभित्रै बढिरहेका अत्यन्त नकारात्मक टिप्पणीका कारण कतिपय नेताहरू पार्टीबाट पलायन हुने गरेको परिप्रेक्ष्यमा निर्वाचनका माध्यमबाट कम्युनिस्ट पार्टीको सरकार गठन हुनु राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय दुवै क्षेत्रमा उत्साहको समाचार बन्यो ।

पहिलो पटक कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकारको गठन भएको दिन नेपालको इतिहासमा सामन्तवादको जगका ढुङ्गा खुस्केको दिनमात्र थिएन, मानव समाजमा चरम वर्गविभेदकारी पुँजीवादको पराजयको साङ्केतिक घण्टी सगरमाथाको शिखरबाट बजेको दिन बनेको थियो (प्रश्रित, वि.सं.२०७० श्रावण १३) । अन्य राजनीतिक दलहरूको तुलनामा नेकपाले विशेष गरी राष्ट्रियता, दलित, महिला आदिवासी आदिका बारेमा सशक्त आवाज उठाउदै आएको हुँदा त्यो वर्ग उत्साहित थियो (लावती, सन् २००५, पृ. ४४) । अर्को तर्फ प्रतिकुल अवस्थामा सरकारको गठन भए पनि दशकौंदेखि सत्ताको नजिक रहेका वर्गहरू एक प्रकारले आतङ्कित जस्तै भएको अवस्था थियो ।  हुनत सरकारको जुन अवस्था थियो त्यो हिसावले उसले ठुलै उथलपुथल ल्याउन सक्ने अवस्थामा थिएन (हवील्पटन, सन् २००५, पृ. १९३) । नेकपाले सरकार गठन गर्नु पूर्व नै उक्त पार्टीले सरकार गठन गरे धर्म मान्दैन, दिदीवहिनी भन्दैन, ड्रममा खाना पकाएर खानु पर्छ, धेरै सम्पती हुनेहरूको खोसेर बाडिदिन्छ भन्नेजस्ता नकारात्मक प्रचार भइरहेको समयमा उसैको नेतृत्वमा सरकारको गठन हुँदा सबैमा एक प्रकारको अन्यौलको स्थिति सृजना हुनु स्वभाविक थियो ।

मनमोहन अधिकारीको नेतृत्वमा गठन भएको सरकारमा स्वयम्ले कुनै मन्त्रालयको जिम्मेवारी लिएनन् । तत्कालीन राष्ट्रप्रमुखसँग सरकारको सम्बन्ध सुमधुर बनाउने उद्देश्यले राजदरवार जिम्मा लिए । सरकारमा सामेल भएका मन्त्रीहरूलाई हेर्दा सबै क्षेत्र जातजातिलाई समावेश गरी मिलाइएको भनिए पनि लैङ्गिक विभेद भने प्रस्ट देखिन्थ्यो । तत्कालीन संविधानमा प्रतिनिधिसभाको सदस्यमात्र प्रधानमन्त्री हुने व्यवस्था थियो । प्रधानमन्त्रीको आकाङ्क्षा राख्ने

नेताहरू त्यतिबेला राष्ट्रियसभाका सदस्य थिए । प्रतिनिधिसभामा त्यस किसिमको आकाङ्क्षां राख्ने नेताहरू नभएको हुँदा मनमोहन अधिकारीलाई प्रधानमन्त्री बन्ने बाटो सहज भएको थियो । यध्यपि सुरुदेखि नै उनलाई भूमिका विहीन बनाइएको थियो (पोखरेल, वि.सं.२०६९, पृ. १३२) । त्यसअघि प्रधानमन्त्रीले सम्हाल्दै आएको रक्षा मन्त्रालयमात्र होइन उनलाई कुनै मन्त्रालयको जिम्मेवारि पनि दिइएको थिएन । उनले आफूलाई कुनै मन्त्रालयको जिम्मेवारी दिन वारम्वार कुरा उठाए, पार्टीमा पनि राखे तर पार्टी महासचिवले स्वीकार गरेनन् (मैनाली, वि.सं.२०७० जेठ ११) । त्यस सम्बन्धमा पार्टी महासचिव एवम् तत्कालीन उपप्रधानमन्त्री माधवकुमार नेपालले मनमोहन अधिकारी एक उत्प्रेरक व्यक्तित्व भएको तथा कमजोर र देखावटी प्रधानमन्त्री मात्र भएको भन्ने विषयमा बाहिर आएका कुरा गलत भएको र उनले समग्र सरकारको नेतृत्व गरेको हुँदा कुनै एक मन्त्रालयमा मात्र सिमित गरिनु उचित नहुने धारणा व्यक्त गरेका थिए (नेपाल, वि.सं.२०६६, पृ. २९–३०) । यी दुवै भनाइलाई तुलना गरेर हेर्दा नेपालको भनाइ वढी विश्वासिलो देखिन्छ । बहुलीय व्यवस्थामा कार्यकारी अधिकार प्रधानमन्त्रीमा रहन्छ । कुनै एउटा मन्त्रालयको जीम्मेवारी नलिने वित्तिकै प्रधानमन्त्रीलाई अधिकारविहीन भनेर व्याख्या गर्न मिल्दैन । यद्यपि पार्टीको अध्यक्ष भइकन पनि नीति निर्माण तहमा जसरी मनमोहन अधिकारी कमजोर थिए त्यसैको प्रतिछायाँ सरकारमा पनि परेको हो की भन्ने आभास भने देखिन्थ्यो ।

नेकपा एमालेका दुई प्रमुख नेता महासचिव र अध्यक्ष दुवैको सरकारमा उपस्थिति रहेको थियो । नेकपा एमालेले महिलालाई पुरुष सरहको अधिकारको सुनिश्चितता गर्ने, महिलामाथि भेदभाव बढाउने कानुनको अन्त्य गर्ने, समाजका विभिन्न क्षेत्रमा महिलाको उचित प्रतिनिधित्व गराउने जस्ता नीति लिएको भए तापनि सरकारमा एक जना पनि महिलालाई समावेश गरिएको थिएन । तर गैरराजनीतिक क्षेत्रका व्यापारीलाई सरकारमा समावेश गराइएकोमा त्यतिबेला पत्रपत्रिकामा विभिन्न नकारात्मक अर्थ र आशङ्कायुक्त टिप्पणीसमेत हुने गरेका थिए । निर्वाचनताका पार्टीले अघि सारेको नारालाई सार्थकता दिन खोजेको भए पार्टी नेताका ठाउँमा स्वतन्त्र सभासदहरूमध्ये केहीलाई स्थान दिएको भए आलोचना गर्ने व्यक्ति तथा राजनीतिक दलहरूलाई कुनै ठाउँ बाँकी रहने थिएन ।

### ८.५.२ सरकार गठनपछिको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिक्रिया

निर्वाचन परिणामपछि सरकार गठनका लागि विभिन्न प्रक्रिया हुँदै गर्दा एमालेले सरकार गठन गरे मित्र राष्ट्रहरूले सहयोग नगर्ने, आर्थिक नाकाबन्दी लगाउन सक्ने, देशमा कम्युनिस्ट शासन चलाउन सक्ने जस्ता अनेक टिप्पणी भइरहे (अन्तर्राष्ट्रिय मञ्च मासिक, वि.सं.२०५२, पृ. ४०) । उसका विरुद्वमा जतिसुकै अनर्गल प्रचार गरे तापनि निर्वाचनमा जनताले मत दिएर ठूलो पार्टी बनाएका हुनाले त्यो पार्टीलाई देशविदेशबाट विशेष चासोका साथ हेरिएको थियो । मध्यावधि निर्वाचनको परिणामबाट नेपालको इतिहासमा पहिलो पटक र विश्व कम्युनिस्ट आन्दोलनको

इतिहासमा दोस्रो पटक बहुदलीय प्रतिस्पर्धाको आधारमा कम्युनिस्ट पार्टीको सरकार बनेको थियो । त्यसभन्दा अघि वि.सं.२०२७ सालमा दक्षिण अमेरीकाको चिली भन्ने देशमा तामान्त्री लेहा रामाडोर एण्डेलको नेतृत्वमा निर्वाचनको माध्यमबाट वामपन्थी सरकार गठन भएको थियो (भट्टराई, वि.सं.२०५२, पृ. ४०-४२) । नेपालको सन्दर्भमा भने सामाजिक परिवर्तनको लक्ष्य बोकेको एमाले पार्टी आफ्नो त्यो राजनीतिक उद्देश्य प्राप्त गर्नुअघि नै समाजको तत्कालीन सामाजिक बनोट भित्रैबाट निर्वाचनमा भाग लिएर जनमतबाट सत्तामा पुग्न सफल भयो । नेपालमा त्यो एक किसिमले लामो समयदेखि अपेक्षा गरिएको विषय भए तापनि विश्वका अन्य राष्ट्र र जनताका निम्ति भने त्यो एउटा नयाँ घटना र शायद कमैले मात्र सोचेको परिणाम थियो । त्यसमा पनि खासगरी कम्युनिस्ट आन्दोलनको प्रतिकुल अवस्थामा त्यो विजय हासिल गरेर सरकार गठन गर्नु आफैमा चर्चाको विषय बन्यो । त्यसरी बनेको सरकारलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा बधाई एवम शुभकामना आए ।

### (क) राष्ट्रिय रूपमा पाएको बधाई तथा शुभकामना

राष्ट्रिय रूपमा गठन भएको सरकारलाई देशभित्रै रहेका विभिन्न राजनीतिक दल तथा तिनका नेताहरू एवम् अन्य विशिष्ट व्यक्तित्वहरूबाट वधाइ तथा शुभकामना प्राप्त भएका थिए । त्यसरी बधाई तथा शुभकामना प्राप्त गर्ने क्रममा गणेशमान सिंहले नयाँ सरकारको गठनबाट देशमा नयाँ किरण देखा परेको हुनाले त्यसलाई उज्यालो तर्फ डोऱ्याउने काम हुनुपर्छ भन्दै सरकार अल्पमतको भए पनि जनताद्वारा निर्वाचित तथा संवैधानिक प्रक्रियाबाट गठित भएका कारण सरकारले ठूलाठूला राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहमति जुटाउने प्रक्रियाको सुरुवात गरी सबै पक्षलाई समावेश गराउन सुझाव दिंदै नव नियुक्त प्रधानमन्त्री मनमोहन अधिकारी र उनको सरकारमा समावेस मन्त्रीहरूलाई बधाई दिंदै कार्यकालको सफलताको शुभकामना दिए (गोरखापत्र, वि.सं.२०५१ मङ्सिर १६) ।

नेपाल सद्भावना पार्टीका अध्यक्ष गजेन्द्रनारायण सिंहले मनमोहन अधिकारीको नेतृत्वमा गठित मन्त्रिपरिषद्का सदस्यहरू र नेकपा एमाले पार्टीलाई समेत बधाई एवम् शुभकामना दिएका थिए । उनले सरकारले मधेशी समुदाय र जनजातिका समस्याहरूको यथाशीघ्र समाधान गरी उपलब्धिपूर्ण पहलकदमी गर्ने विश्वास पनि व्यक्त गरे (गोरखापत्र, वि.सं.२०५१ मङ्सिर १६) ।

नेकाका नेता गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्री मनमोहन अधिकारीप्रति हार्दिक बधाई तथा शुभ कामना दिदै नयाँ सरकारलाई सबै प्रकारको सहयोगको विश्वास दिलाएका थिए । उनले मनमोहन अधिकारीको नेतृत्वमा नेकपा एमालेले आगामि दिनहरूमा आफूहरूलाई प्राप्त महत्वपूर्ण

जिम्मेवारिअनुरुप आपसी सद्भाव र सहिष्णुताको प्रजातान्त्रिक संसदीय बाटोमा लैजान विश्वासनीय अग्रसरता देखाउने आशा व्यक्त गरेका थिए (गोरखापत्र, वि.सं.२०५१ मङ्सिर १५) ।

राष्ट्रिय प्राजातन्त्र पार्टीका अध्यक्ष सूर्यबहादुर थापाले मनमोहन अधिकारीको नेतृत्वमा नेकपा एमालेको मन्त्रिमण्डल गठन भएकोमा प्रधानमन्त्रीलगायत मन्त्रीमण्डलका सबै सदस्यहरूलाई बधाई तथा शुभकामना दिएका थिए । उनले एमालेको सरकारबाट राष्ट्रियताको सम्बर्द्धन, प्रजातन्त्रको सुदृढीकरण, संविधानको सङ्रक्षण एवम् राष्ट्रको सर्वाङ्गिण विकासमा योगदान पुग्ने आशासमेत व्यक्त गरेका थिए (गोरखापत्र, वि.सं.२०५१ मङ्सिर १५) । त्यसरी नै अन्य ससाना दलहरूले पनि सरकारलाई बधाई एवम् शुभकामना दिएका थिए । विभिन्न पार्टीका नेताहरूले दिएको बधाई तथा शुभकामनाले सरकारलाई आन्तरिक रुपमा केही बल मिल्यो ।

**(ख) अन्तर्राष्ट्रिय क्षेत्रबाट आएका बधाई तथा शुभकामना**

एक राष्ट्र प्रमुख वा सरकार प्रमुखले अर्को राष्ट्र प्रमुख वा सरकार प्रमुख परिवर्तन हुँदा दिइने अन्तर्राष्ट्रिय क्षेत्रको औपचारिक प्रकृयाअनुसारका बधाईका सन्देशहरू यो सरकारले पनि प्राप्त गऱ्यो । सामान्य ढङ्गबाट कुनै सरकार प्रमुख परिवर्तन हुँदा अन्तर्राष्ट्रिय कुटनीतिक मर्यादा कायम राख्न बधाई पठाउने प्रचलन रही आएकोमा जनताको प्रत्यक्ष मतदानद्वारा निर्वाचित सरकार भएका कारण पनि बधाई आउनु स्वभाविक थियो । नेपालमा जनताद्वारा निर्वाचित कम्युनिस्ट पार्टीको सरकारलाई अन्तर्राष्ट्रिय कुटनीतिक मान्यताअनुरुप बैधानिकता प्राप्त भएको थियो । हुन त निर्वाचनको परिणाम आइरहेको अवस्थामा र प्राप्त भइसकेपछि पनि कतिपय देशका कुटनीतिक क्षेत्रका प्रतिनिधि, राजदुत लगायतका कतिपय व्यक्तिहरूले पार्टीका विभिन्न तहका नेताहरूसँग भेटघाट गरी आफ्ना तर्फबाट बधाई दिए भने कतिपय मामिलामा आफूमा रहेका विभिन्न विषयसँग सम्बन्धित कुराहरूमा जानकारी लिने र प्रष्ट हुने काम पनि गरे । त्यसका अलबा विगतदेखिको नेपालप्रतिको दृष्टिकोण र नेपाललाई दिइँदै आएको सहयोग साथै दुई पक्ष बीचको सम्बन्धमा कुनै परिवर्तन नहुने बचनबद्धता पनि जाहेर गरे ।

भारतका प्रधानमन्त्री पी.भी.नरसिंह रावले मनमोहन अधिकारीलाई नेपालको प्रधानमन्त्रीको उच्च पद सम्हालेकोमा भारतीय सरकार र त्यहाँका जनताका तर्फबाट बधाई ज्ञापन गर्दै अधिकारीका भावी कार्यहरूको सफलताका लागि शुभेच्छा व्यक्त गरेका थिए । त्यसै गरी घनिष्ट र मैत्रीपूर्ण छिमेकी भारत र नेपाल बीच ज्यादै अनुपम सम्बन्ध रहेको कुरा उल्लेख गर्दै दुई देशका बीचको सम्बन्ध सुदृढ बनाउन आफू अधिकारीसँग काम गर्न प्रतिक्षारत रहेको धारणा व्यक्त गरेका थिए (गोरखापत्र, वि.सं.२०५१ मङ्सिर १५) ।

जनवादी गणतन्त्र चीनका राज्य परिषदका प्रधानमन्त्री ली फुङ्ले मनमोहन अधिकारीले नेपालको प्रधानमन्त्रीको पद सम्हालेकोमा चिनियाँ सरकार, जनता र स्वयम् आफ्ना तर्फबाट बधाई तथा शुभेच्छा व्यक्त गरे । उनले पठाएको शुभकाना सन्देशमा अधिकारीको कार्यकालमा परस्पर जनताबीचको परम्परागत मित्रता तथा दुई देशबीच विद्यमान असल छिमेकीको सम्बन्ध र सहयोग अझ सुदृढ र विकसित हुँदै जाने विश्वास रहेको कुरा उल्लेख थियो (गोरखापत्र, वि.सं.२०५१ मङ्सिर १५) । त्यसै गरी गणतन्त्र बङ्गलादेशका प्रधानमन्त्री वेगम खलिदाजिया, श्रीलङ्काका प्रधानमन्त्री सिरिमाभो आर.डी.बन्दरनायक, पाकिस्तानका प्रधानमन्त्री बेनजिर भुट्टो, भुटानका नरेश जिग्मे सिङ्घे वाङ्चुक, गणतन्त्र माल्दिपका प्रधानमन्त्री मौमुन अब्दुल गायुम, गणतन्त्र कोरियाका प्रधानमन्त्री युङ्ग डुग ली, जनवादी प्रजातान्त्रिक गणतन्त्र अल्जेरियाका सरकार प्रमुख मोकुदाद सिफी, संयुक्त अधिराज्य बेलायतका प्रधानमन्त्री जोन मेजर, इजरायलका प्रधानमन्त्री चित्जाक राविन, संयुक्त राज्य अमेरिकाका कार्यवहाक विदेशमन्त्री स्ट्रोव टाल्वोट, प्रजातान्त्रिक जनवादी गणतन्त्र कोरियाको प्रशासन परिषदका प्रमुख काङ् सोङ् सान, रसियाका प्रधानमन्त्री भिक्टर एस चेर्नो मर्दिन, जापानका प्रधानमन्त्री तोमिइची मुरायामालगायत विश्वका धेरै देशहरूबाट सरकारलाई बधाई तथा शुभकामना प्राप्त भएका थिए ।

सरकार गठन भएको दिनदेखि विभिन्न क्षेत्रबाट प्राप्त भएका बधाई तथा शुभकामना सन्देशले सरकारलाई देश र जनताका पक्षमा काम गर्न हौसला मिल्यो । हुनत सरकार गठन भएपछी नै देशभित्र र बाहिरका प्रतिक्रियावादी वर्गका घोषित सञ्चार माध्यम एवम् राजनैतिक प्रतिनिधिहरूले एकातिर आफ्नै सहयोग र सर्मथनद्धारा बनाइएको एमाले सरकरालाई नेपालमा “कम्युनिस्ट लालतारा” उदाएको प्रचार गरिरहेका छन् भने अर्कातिर आफ्नो “प्रजातान्त्रिक मुलप्रवाह” मा समाहित भई त्यसको रक्षा गर्ने काम गरेकोमा एमाले सरकारलाई हार्दिक धन्यवाद र बधाई दिनमा व्यस्त छन् (प्रचण्ड, वि.सं.२०६३, पृ. १०५) भनि आलोचना समेत भएको थियो । राष्ट्रिय अन्तर्राष्ट्रिय विभिन्न क्षेत्रबाट आएका शुभकामना सन्देशलाई सुरुदेखि नै आलोचनात्मक रूपमा मूल्याङ्कन गर्दै सरकारलाई अत्यन्तै कमजोर रुपमा हेर्ने अवस्था पनि रह्यो ।

### ८.५.३ सदनमा सरकारलाई बहुमतको समर्थन

नेपाल अधिराज्यको सम्बिधान २०४७ को धारा ४२, उपधारा (२) अनुसार नियुक्त प्रधानमन्त्रीले उक्त धाराको उपधारा (३) बमोजिम तिस दिनभित्रमा प्रतिनिधिसभाबाट विश्वासको मत लिनु पर्ने संबैधानिक व्यवस्था रहेको थियो । त्यसै अनुरुप सरकार गठन भएको २४ दिनपछि प्रधानमन्त्री मनमोहन अधिकारीले विश्वासको प्रस्ताव निर्णयार्थ संसदमा प्रस्तुत गरे । उनले राखेको प्रस्तावमा ६ घण्टासम्म वहस र छलफल चल्यो । त्यस क्रममा सत्तापक्ष र प्रतिपक्षका सभासदहरूले आ-आफ्नो धारणा राखेका थिए । त्यसै क्रममा मनमोहन अधिकारीले संविधानको निर्माण गर्दा सबै पक्षबीच राष्ट्रिय सहमति भयो भने त्यही संविधानअनुरुप देशको शासन व्यवस्था

चलाउन राष्ट्रिय सहमति किन हुन सक्दैन ? भन्दै प्रश्न गरेका थिए । त्यसपछि उक्त प्रस्तावको पक्ष र विपक्षमा आफ्नो हस्ताक्षरद्वारा मतदान गर्न सभामुखले सबै सांसदहरूलाई आग्रह गरेका थिए ।

प्रतिनिधिसभामा कुल २०५ जना सांसदहरूको स्थान रहे तापनि तत्कालीन अवस्थामा मताधिकार प्राप्त रहेका २०२ जना सांसद्मध्ये रामचन्द्र पौडेल सभामुख भएकाले मतदानमा भाग लिएका थिएनन् भने नेकाका तिन जना सांसद् मतदानका समयमा अनुपस्थित थिए । त्यस कारण प्रतिनिधिसभामा रहेका १९८ जना सांसद्हरूले प्रधानमन्त्रीले राखेको प्रस्तावको पक्षमा मतदान गरे (गोरखापत्र, वि.सं.२०५१ पुस ८) । सरकारले प्रतिनिधिसभामा उपस्थित सम्पूर्ण सदस्यहरूबाट विश्वासको मत पायो । त्यसभन्दा अगाडि नेकपा एमालेले शासन सञ्चालनको अवसर कहिल्यै पाएको थिएन । एमाले शासनसत्ता सञ्चालनका लागि परीक्षणको घडीमा नै थियो । अन्य राजनीतिक दलहरूले संसदमा धेरै कोशिस गर्दासमेत बहुमत पुर्‍याउन नसकेपछि उनीहरू जे जस्तो अवस्थामा भए पनि सरकारलाई सर्मथन गर्न वाध्य भए । कुनै किसिमले सरकारलाई समर्थन नगरे संविधानको धारा ४२(४) सक्रिय भई उसकै नेतृत्वमा सरकार रहिरहने र चुनावमा जाँदा पनि त्यही पार्टीले बहुमत ल्याउन सक्ने सम्भावना देखिएपछि विपक्षी दलका अगाडि सर्मथन जनाउनु बाहेक अर्को उपयुक्त विकल्प थिएन । हुन पनि सरकारले राम्रो काम गर्न नसके आँफै असफल हुने र जनप्रिय काम गर्न खोजे दिएको सर्मथन फिर्ता लिने उद्देश्यका साथ सबै दलहरूले विश्वासको मत दिएको देखिन्छ ।

### ८.६ सरकारको नौ महिने कार्यकाल

पञ्चायतकालका ३० वर्ष र नेकाको असफलतामय तीन वर्षे शासनकाललाई सम्पूर्ण दोष थुपारेरमात्र एमालेले जनताको चित्त बुझाउन सक्दैनथ्यो । संवैधानिक जटिलता, वाह्य शक्तिको अदृश्य षडयन्त्र तथा एउटा लामो अन्यौलपछि गठन भएको सरकारलाई पञ्चायत र नेकाले गरेका त्रुटिहरूबाट पाठ सिक्दै प्रजातान्त्रिक शैलीद्वारा रचनात्मक कार्यहरूको सुरुवात गर्नु पर्ने प्रमुख दायित्व थियो । त्यसो हुँदा सरकरको गठनपछि पार्टीको घोषणापत्र, संसदको संरचना, आफ्ना राजनीतिक निष्ठा एवम् आदर्शका आधारमा कार्य सम्पादनको प्रक्रियालाई अगाडि बढायो । त्यस क्रममा वि.सं.२०५१ साल पुस ८ गते राजा वीरेन्द्रले संसद्का दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्दै संसदको आठौं अधिवेशनको उद्घाटन गरे । सरकारको नीति तथा कार्यक्रम राजाबाट प्रस्तुत भएको सम्बोधनमा स्पष्ट उल्लेख थियो (परिशिष्ट नं.दश) । संसदबाट विश्वासको मत प्राप्त गरेपछि सरकारले आफ्ना कार्यहरूको थालनी गर्‍यो । सरकारलाई विश्वासको मत दिने समयमा अन्य पार्टीहरूले नेकपा एमाले सरकारमा गएर प्रभावकारी कार्य गर्न सक्ने छैन,

शान्तिसुरक्षा पनि खलवल हुनेछ सत्ताको अनुभव नभएका कम्युनिस्टहरू छिट्टै असफल हुने छन् भन्ने सोचाइ राखेका थिए (ज्ञवाली, वि.सं.२०७० बैशाख ३) । तर एमाले सरकारमा पुगेपछि थालनी गरेका कामबाट सर्वसाधरणमा सकारात्मक प्रभाव पर्दै जान थाल्यो । सरकार गठन गर्दा उसलाई समर्थन दिने अन्य पार्टीहरूको सोचाइभन्दा विपरित तवरबाट सरकार अगाडि बढेको हुँदा संसद्मा अविश्वासको प्रस्ताव ल्याएर सरकारलाई हट्न वाध्य पारियो । वि.सं.२०५१ साल मङ्सिर १४ गतेदेखि वि.सं.२०५२ साल भदौं २५ गतेसम्म जम्मा ९ महिना १३ दिन एमालेले सरकारमा रहने मौका पाएको थियो । त्यस अवधिमा मनमोहन अधिकारी नेतृत्वको सरकारले गरेका काम कारवाहीको समीक्षा गर्दा उपयुक्त हुने देखिन्छ ।

### ८.६.१ आर्थिक क्षेत्रमा गरिएका कार्यहरू

आर्थिक वर्षको मध्यभागमा सरकारको नेतृत्व गर्न पुगेको त्यो सरकारले आफ्नो नीति कार्यक्रम तथा बजेटमार्फत मुललकलाई नयाँ गतिप्रदान गर्न आवश्यक थियो । त्यो सरकार गठन भएको समयमा नेपालको अर्थतन्त्र चरम दुरावस्थाबाट गुज्रिरहेको थियो (गोरखापत्र, वि.सं.२०५१ भदौ २६) । त्यो अवस्थालाई सुधार्नु चुनौति त छँदै थियो सरकारको नेतृत्व गरेको २६ औं दिन वि.सं.२०५१ साल पुस ११ गते आर्थिक वर्ष ०५१/०५२ को बाँकी अवधिका लागि अर्थमन्त्री भरतमोहन अधिकारीले संसदको संयुक्त सदनमा रु.४२ अरब ९६ करोड ६ लाख ११ हजारको व्याय हुने अनुमानित बजेट प्रस्तुत गरे । नेपालको इतिहासमै प्रभाव पार्ने खालका केही उल्लेखनीय कार्यहरूको थालनी त्यस बजेटमा गरियो । त्यसभन्दा अगाडिका वर्षहरूभन्दा भिन्दै रूपमा छोटो समयका लागि प्रस्तुत बजेट यथार्थमा ग्रामीणमुखी रह्यो । उक्त बजेटका उल्लेखनीय पक्षहरू निम्न रहेको पाइन्छ ।

१. पाँच जिल्लामा प्रयोगका रूपमा ७५ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरूलाई जीवनयापन सुरक्षा कार्यक्रम सुरु ।

२. गाउँगाउँमा निःशुल्क प्राथमिक स्वास्थ्य सेवा पुऱ्याउने योजना अनुरुप ७ सय स्वास्थ्यचौकी थपिने ।

३. प्रत्येक जिल्लाका पिछडिएका जनजाति समुदायका दसदस छात्रछात्रालाई जनही ६००।– रूपैयाँका शैक्षिक सामग्रीहरू खरिद गर्न सहायता प्रदान गर्ने व्यवस्था गरिएको ।

४. प्रत्येक जिल्लाबाट २५ जनाका दरले १ हजार ८ सय ७५ जना अन्धा-अपाङ्ग एवम् मगन्तेहरूका लागि शिक्षा र छात्रावृतिका लागि एक सय रूपैयाँ अशक्तवृत्तिको व्यवस्था ।

५. पाँचैवटै विकास क्षेत्रका पाँचपाँच जना साहित्यकर्मी र कलाकारहरूलाई १०/१० हजार रूपैयाँका दरले पुरस्कार दिने व्यवस्था ।

६. कर्मचारीहरूलाई रु ३००।- को महङ्गी भत्ताको व्यवस्था ।

७. आउँदो शैक्षिक सत्रदेखि ९ कक्षासम्म निःशुल्क शिक्षा दिने ।

८. मदनआश्रित प्रतिष्ठानलाई रु ५०।– लाख अनुदान ।

९. 'आफ्नो गाउँ आफै बनाऊ' कार्यक्रमअन्तर्गत प्रत्येक गाविसलाई रु ३ लाख उपलब्ध गराउने ।

१०. रासन कार्ड वितरण सम्बन्धमा अध्ययन कार्य सुरु गरिने ।

११. सांसद्लाई जिल्ला विकास कोषमार्फत २ लाख ५० हजार रूपैयाँ आफ्नो निर्वाचनक्षेत्रको विकासका लागि प्रदान गर्ने व्यवस्था गरिएको थियो (कान्तिपुर, वि.सं.२०५१ पुस १२ )

सरकारले प्रस्तुत गरेको बजेटलाई त्यतिबेला 'राहतको पोका' को रूपमा लिइयो । झन्डै आधा आर्थिक वर्ष बितिसकेको त्यस आर्थिक वर्षको बजेट विनियोजनमा गाउँलाई केन्द्रबिन्दु बनाइएको थियो । त्यसभन्दा अगाडि जिल्ला विकाश समितिमार्फत्मात्र सीमित रकम गाउँ विकास समितिमा जाने व्यवस्था गरिदै आएको थियो (पाण्डे, वि.सं.२०७१ असोज ५) । उक्त व्यवस्थाअन्तर्गत गाउँस्तरमा जनसहभागिता नहुने तथा पारदर्शीता पनि नहुने हुँदा साधनको समोचित प्रयोग हुन सकिरहेको थिएन । ९० प्रतिशत जनताको जीवन यापनसँग गाँसिएको ग्रामीण क्षेत्रमा ज्यादै नगन्य रकम विनियोजन गर्ने परिपार्टीले गर्दा स्थानीय तहका आवश्यकता पुरा गर्ने साधन, स्रोत र अवसरहरू ग्रामीण क्षेत्रमा विस्तार गर्नेतर्फ कुनै गति आउन सकेको थिएन । ग्रामीण क्षेत्र आर्थिक, सामाजिक विकासको दृष्टिले सम्भावना विहिन हुन गई बसाइँसराइले समेत तीव्र समस्या उत्पन्न गरिरहेको थियो । त्यसैलाई दृष्टिगत गरी स्थानीय तहमा आर्थिक, सामाजिक विकासको आधार सुनिश्चित गर्ने, जनताबीच साधन र स्रोतको पहुँच बढाई आर्थिक क्रियाकलामा बिस्तार गर्ने तथा जीर्ण अवस्थातर्फ उन्मुख ग्रामीण अर्थतन्त्रको काँचुली फेर्ने उद्देश्यबाट "आफ्नो गाउँ आफै बनाऔं" भन्ने कार्यक्रम घोषणा गरी त्यसका लागि प्रत्येक गाविसमा ३ लाख रकम सोझै पठाउने व्यवस्था गऱ्यो (अधिकारी, वि.सं.२०६९ पुस १९) ।

"आफ्नो गाउँ आफै बनाऔं" भन्ने कार्यक्रमसहितको वजेट सर्वत्र लोकप्रियमात्र बनेन यसले देशव्यापी रुपमा जागरण र उत्साह पैदा गऱ्यो । वजेटको यथोचित प्रयोगका लागि खडा गरेको सर्बदलीय उपभोक्ता संयन्त्र तथा त्यसको अनुगमन गर्ने निकायको गठनले सरकारले निकै लोकप्रियता हासिल गऱ्यो (पोखरेल, वि.स.२०६९, पृ. १२७) । सर्वत्र एमालेको सङ्गठन विस्तारको

समाचारहरू गाउँगाउँबाट आउन थाल्यो । सरकारले ल्याएको कार्यक्रमलाई मूल्याङ्कन गर्दै टोनी हेगनले समेत नेपालमा विकेन्द्रीकरण प्रक्रियाको वास्तविक सुरुवात गर्ने काम मनमोहन अधिकारीले नेतृत्व गरेको सरकाले गरेको धारणा व्यक्त गरेका थिए (ज्ञवाली, वि.सं.२०७० फागुन १०) । जनतालाई विकास सबैको र सधैंको लागि हुने कुरालाई हृदयगम गरी सबैले राजनीतिक विवाद र पार्टीगत धारणालाई पन्छाइ केही गरौं भन्ने भावनाको विकास गर्न त्यो कार्यक्रम सफल रह्यो । विपक्षी दलहरू विशेष गरी नेकाले त्यो कार्यक्रमलाई कनिका छरेको उपमा दियो । त्यो रकम पूर्णतः सही रूपमा सदुपयोग हुन नसकेको भए तापनि ग्रामीण क्षेत्रमा बाटाघाटा पुलपुलेसा, कुलो नहर विद्यालयलगायत सार्वजनिक स्थलहरूको निर्माण तथा मर्मत सम्भारमा बजेट निकै उपयोगि सिद्ध हुन पुग्यो ।

**(क) दोस्रो पटक जारी भएको बजेट र थप कार्यक्रमहरू**

एमालेको सरकारले सुरुगरेका कामहरूबाट जनतामा देखिएको उत्साहपूर्ण समर्थन र सहभागिताबाट विपक्षीहरू गम्भीर बन्न पुगे । त्यति मात्र होइन कति कार्यक्रमको त खुलेरै विरोध गरे । सरकारले गरेका काम ठीक वेठिक के हुन ? त्यसको मूल्याङ्कन जनताले नै गर्ने छन् भन्ने आसयका साथ प्रधानमन्त्री मनमोहन अधिकारीले राजा समक्ष प्रतिनिधिसभा विघटनको सिफारिस गरेपछि प्रतिनिधिसभा विघटन भयो । प्रतिनिधिसभाको विघटन भए तापनि वि.सं.२०५२ साल असार २ गतेका दिन अर्थमन्त्री भरतमोहन अधिकारीले अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र काठमाडौंबाट अध्यादेशमार्फत् आर्थिक वर्ष २०५२/०५३ को बजेट सार्वजनिक गरे । त्यस क्रममा सरकार गठन भएपछिका ७ महिनाको देशको अर्थतन्त्रको बारेमा मूल्याङ्कन गर्दै आर्थिक वर्ष २०५२/०५३ को निम्ति जम्मा ५२ अर्ब ८९ करोड ४५ लाख खर्च हुने अनुमानित बजेट प्रस्तुत गरे (गोरखापत्र, वि.सं.२०५२ भाद्र १८) । जुन बजेटमा अगाडिको जस्तै प्रत्यक्ष जनसरोकारका विषयहरूलाई निरन्तरता दिँदै अन्य केही थप नयाँ कार्यक्रमहरू पनि समावेश थिए । त्यस बजेटका उल्लेखनीय पक्षहरू यसप्रकार रहेका थिए :

१. सात वर्षसम्ममा सम्पूर्ण जनतालाई खानेपानी तथा सम्पूर्ण खेती योग्य जमिनमा सिंचाई सुविधा उपलब्ध गराउने ।

२. ५ वर्षमा देशबाट निरक्षरता उन्मूलन गर्ने लक्ष्य राखी कार्यक्रम तर्जुमा गर्ने ।

३. कृषिसामग्री तथा सेवालाई कृषकको घरदैलोमा पुर्‍याउने, विकेन्द्रीकरण र ग्रामीण अर्थतन्त्रलाई सुनिश्चितता प्रदान गर्ने ।

४. आफ्नो गाउँ आफै बनाऔं कार्यक्रमलाई निरन्तरता दिने ।

५. ९ 'स' को अभियान अर्थात सन्तुलित विकास नयाँ आयम' भन्ने एकीकृत र सघनप्रकृतिको समानतामूलक तथा क्षेत्रीय सन्तुलनमुखी विकास अभियान तीव्र गतिसँग अगाडि बढाउने कार्यक्रम कार्यन्वयनमा ल्याइएको थियो । ९ सको कार्यक्रमअर्न्तगत सडक, साना सिंचाई, स्वच्छ खानेपानी, शिक्षा र साक्षरता, सुलभ स्वास्थ्य, सीपमूलक तालिम र रोजगारी, सामुदायिक वृक्षारोपण, साना जलविद्युत विकास, सानाघरेलु उद्योगहरू रहेका थिए ।

६. नमुना गाउँ विकास कार्यक्रम लागु गर्ने ।

७. ७५ वटै जिल्लामा ७५ वर्ष उमेर पुगेका वृद्धवृद्धाहरूलाई रु १००।– जेष्ठ नागरिक भत्ता प्रदन गर्ने ।

८. रोजगार बैङ्कको स्थापना गर्ने ।

९. स्वदेशी उद्योगलाई प्रोत्साहन दिने र प्रतिष्पर्धात्मक क्षमता बढाउने ।

१०. राष्ट्रसेवकहरूलाई त्यसभन्दाअघि दिएको प्रतिमहिनाको रु.३००।– भत्तालाई तलबमा गाभ्ने र रु.१५०।–का दरले प्रत्येक तहमा मासिक भत्ता दिने ।

११. उत्पीडित तथा पिछडिएका जातिहरूमा ध्यान केन्द्रित गर्ने ।

१२. संस्थानहरूलाई निजीकरणमा लाने नलाने छुट्याउने (श्री ५ को सरकार, वि.सं.२०५२, पृ. ६-७) ।

बजेटमा सरकारको विकासप्रतिको प्रतिबद्धता र जनमुखी सोचअनुरूप कर सम्बन्धी कार्यदलबाट प्राप्त सुझावका आधारमा कर संरचनामा परिवर्तन गर्ने, करको दायरा फराकिलो पार्ने, कर प्रशासन सुदृढ गर्ने नीति अबलम्बन गरी राजस्व परिचालन गर्न सकिने स्थितिको सिर्जना गऱ्यो । त्यसबाट विकास आयोजनाहरूलाई चालु वर्षदेखि विस्तारित गर्न सम्भव भयो । त्यस्ता आर्थिक क्रियाकलापका कारण देशव्यापी रूपमा विकास अभियान प्रारम्भ भई त्यसमा जनसहभागिता बढ्दै जान थाल्यो ।

सरकारले देशभित्र रहेका उद्योगहरूको सङ्रक्षण एवम् नयाँ उद्योगहरूको स्थापनाका लागि प्रोत्साहान दिई, अर्थतन्त्रलाई सबल बनाउने उद्देश्य राखेको थियो । विगतको सरकारले उद्योग, व्यापार लगानी नीतिहरू बजार उन्मुख बनाउने नाममा स्वदेशी तथा विदेशी एकाधिकार र पूँजीपति वर्गलाई मात्र फाइदा हुने प्रकारले तर्जुमा भए । उपभोग्य वस्तु, कच्चा पदार्थ तथा पुँजीजन्य वस्तुमा समान भन्सार दर लगाउने व्यवस्थाले तमाम उद्योग व्यवसायमा नकरात्मक सङ्रक्षणको स्थिति पैदा भई त्यस्ता उद्योगहरू रुग्ण अवस्थामा पुगेर विदेशी वस्तुसँग प्रतिस्पर्धा गर्न नसकी धरासायी हुँदै जाने अवस्था थियो । यस पटक ल्याएको आर्थिक नीतिले त्यस्तो प्रवृत्ति

नियन्त्रण गर्ने र स्वदेशी उद्योग व्यवसायको प्रवर्द्धन गर्दै निजी क्षेत्रको विकासमा जोड दियो (एमाले सरकारको आर्थिक उपलब्धिहरू, वि.सं.२०५२, पृ. १३) । विगतको सरकारले राज्यको स्वामित्वमा रहेका केही उद्योग कलकारखानाहरू नीजी क्षेत्रलाई विक्रि गरेको थियो । त्यस क्रममा थुप्रै त्रुटी रहेको भन्ने जनआवाज उठीरहेका थिए । उक्त विषयमा छानविन गर्न संसदको आर्थिक समितिका सभापति खुमारी राय यादवको संयोजकत्वमा एउटा कार्यदल बनेर काम गर्दै रहेको अवस्थामा संसद भङ्ग भएपछि उक्त कार्यदल पनि खारेज भयो (एमाले सरकारको आर्थिक उपलव्धिहरू, वि.सं.२०५२, पृ. १६) ।

त्यो सरकारको कार्यकालमा ठूला, मझौला गरी १०० वटा उद्योगलाई दर्ता गर्नुको साथै २२ वटा उद्योग स्थापनार्थ इजाजत प्रदान गऱ्यो । घरेलु तथा साना उद्योगतर्फ ४११५ उद्योग दर्ता भएका थिए । औद्योगिक नीति २०४९ र औद्योगिक व्यवसाय ऐन २०४९ मा समसामयिक पुनरावलोकन गरी औद्योगिकीकरणलाई तीव्र पार्ने लक्ष्य राखेको थियो । त्यस्तै ऊनी गलैंचामा बालश्रमबिहीन गर्ने कार्यक्रम सञ्चालन गर्नुका साथै ८ वटा उद्योगलाई गुणस्तर चिन्ह प्रयोग गर्न इजाजत प्रदान गऱ्यो (गोरखापत्र, वि.सं.२०५१ फागुन १५) । सरकारले विदेशी लगानी प्रबद्धर्न गर्न एवम् विदेशी लगानीकर्ताहरूलाई लगानी सम्वन्धी सूचना एवम् सामग्री उपलब्ध गराउनुका साथै सो सम्बन्धमा जानकारी गराउन देशको तत्कालीन अवस्थाको 'आर्थिक झलक २०५१' नामक पुस्तक प्रकाशित गऱ्यो (श्री ५ को सरकार, वि.सं.२०५२, पृ. ८–१०) । विश्वव्यापार सङ्गठनको सहायताबाट नेपाललाई फाइदा-बेफाइदाको अध्ययन गरी सदस्यता लिने विषयमा यकिन गर्न कार्यदल गठन गऱ्यो ।

संसद्मा पूर्णबहुमत नभएको तथा मौलिक बजेट तर्जुमा गर्न नपाउँदै संसद् भङ्ग गर्न सिफारिस गर्नु पर्ने अवस्था आएको भए तापनि सरकारले आफ्नो छोटो अवधिमा नै राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण तथा जनताको जीवनस्तर माथि उठाउन मद्दत गर्न अनेकौं जनमुखी कार्यक्रमहरू कार्यान्वयनमा ल्याउने सङ्केत दियो ।

### ८.६.२ सामाजिक तथा शैक्षिक क्षेत्रका कार्यहरू

सरकारले सामाजिक पक्षलाई सवल बनाएर अगाडि जाने लक्ष्य राख्यो । समाजमा रहेका अन्धविश्वास र कुरितीहरूलाई अन्त्य गरी लोककल्याणकारी कार्यक्रम सञ्चालन गर्ने, कमैया र हरूवाप्रथा अन्त्य गर्ने, सुकुम्बासी समस्यालाई पूर्णरूपले समाधान गरी पाँच वर्षभित्र घरवार विहीनलाई घरबासको व्यवस्था गर्ने जस्ता सामाजिक नीति लियो (नेकपा एमाले चुनाव घोषणापत्र २०५१, पृ. २६) । सोही नीतिअनुसार भूमिहीन अवस्थामा रहेका सुकुम्बासीहरूले कम्तिमा पनि आफ्नै जमिनमा टेक्न पाउन् र एउटा छाप्रो बनाई बस्न सकुन् भन्ने मान्यता राख्दै सुकुम्बासी

समस्या समाधानका लागि वि.सं.२०५१ साल पुस ५ गते ऋषिराज लुम्सालीको अध्यक्षतामा सुकुम्बासी समस्या समाधान आयोगको गठन गऱ्यो (उच्च स्तरिय भूमिुधार आयोग, वि.सं.२०५७, पृ. ३–८) । त्यसभन्दा पूर्वगठित आयोगले देशभरमा ५१ हजार सुकुम्बासी रहेको ठहर गरेको थियो । त्यसै तथ्याङ्कलाई आधार मानी ७२ वटा जिल्लामा ५३ वटा आयोगको सक्रियतामा बाढीपीडित र खातेसमेत गरी ५८ हजार ३ सय ३ सुकुम्बासीहरूलाई जग्गाधनी पूर्जा वितरण गऱ्यो (जनआस्था साप्ताहिक, वि.स.२०५२ भदौ २८) । सरकारले दसकौंदेखि समस्याग्रस्त बन्दै गएको सुकुम्बासी समस्या समाधानका लागि युद्धस्तरमा कार्यक्रमहरू अगाडि बढायो । त्यसै गरी एक्काइसौं शताब्दी आरम्भ हुनलाग्दा पनि नेपालमा मानवजातिको कलङ्कका रूपमा रहेको बँधुवा मजदुर राख्ने मध्ययुगीन परम्परालाई सदाका लागि समाधान गर्ने उद्देश्यले ठोस कार्यक्रम अगाडि ल्यायो (एमाले सरकारको आर्थिक उपलब्धिहरू, वि.सं.२०५२, पृ. ९) ।

सरकारले जमिनमा रहेको असिमित स्वामित्व वितरण, विविध प्रकारका सामन्ती शोषणहरूको अन्त्यबाट मात्र समतामूलक विकास प्रथाको थालनी हुनसक्ने ठहर गरेको थियो । सोहीअनुरुप भूमिसुधार कार्यक्रम लागु गर्ने उद्देश्यले भूमिसुधार कार्यक्रमको स्वरूपबारे सरकारलाई सुझाव दिन वि.सं.२०५१ साल माघ ५ गते केशव बडालको अध्यक्षतामा एक उच्च स्तरीय भूमिसुधार आयोग गठन गऱ्यो । समितिले अध्ययन गरी सरकारलाई प्रतिवेदन बुझाएपछि उक्त प्रतिवेदनको अध्ययन र सुझावहरूका आधारमा भूमिसुधार कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पहल गऱ्यो (एमाले सरकारको आर्थिक उपलब्धिहरू, वि.सं.२०५२, पृ. ९–१०) ।

सरकारले स्वास्थ्य जनशक्ति देश विकासका लागि आवश्यक पूर्वाधार भएको महसुस गरी जनस्वास्थ्यका लागि ७०० उप–स्वास्थ्य चौकी तथा २० प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गर्ने कार्यक्रम तय गऱ्यो । उच्च स्तरीय होमियोप्याथिक अध्ययन प्रारम्भ गऱ्यो । जिल्लामा स्वास्थ्यकर्मी पठाउने कामको सुरुवातसँगै जिल्लास्तरीय अस्पताल सुधार समिति स्थापना गऱ्यो (गोरखापत्र, वि.सं.२०५१ फागुन २५) । त्यसपछि क्रमशः स्वास्थ्य चौकीहरू पनि स्थापना गर्दै जाने कार्यक्रम राख्यो । विशेषज्ञ चिकित्सकहरूको घुम्ती टोली बनाई पाँचवटै विकास क्षेत्रमा घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्न घुम्ती डाक्टरको व्यवस्था गर्ने, आयुर्वेदिक स्वास्थ्य औषधालयको विस्तार गर्ने, सञ्चालनमा रहेका स्वास्थ्यचौकी, स्वास्थ्यउपचौकी र अस्पतालहरूको मर्मतसम्भारका लागि ध्यान दियो (एमाले सरकारको आर्थिक उपलब्धिहरू, वि.सं.२०५२, पृ. ३७) ।

लोककल्याणकारी राज्यको स्थापना गर्ने र सामाजिक न्याय सुनिश्चित गर्ने उद्देश्यले असहाय भत्ता, सहिदका छोराछोरीलाई स्नातक तहसम्म निःशुल्क शिक्षाको व्यवस्था, ७५ वर्ष वा सोभन्दा माथिको उमेर पुगेका जेष्ठ नागरिकका लागि ज्येष्ठ नागरिक भत्ता दिनेजस्ता कार्यक्रम

वि.सं.२०५१ साल पौष महिनाको बजेटमार्फत आरम्भ गऱ्यो । अध्यादेश बजेटमार्फत् नागरिक भत्ता कार्यक्रम देशका ७५ वटै जिल्लामा लागु गऱ्यो । सरकारको आर्थिक क्षमताका आधारमा क्रमशः उमेरको हदबन्दी घटाउँदै ६० वर्ष पुऱ्याउने तथा भत्ताको रकमसमेत बृद्धि गर्दै जाने लक्ष्य राख्यो (एमाले सरकारको आर्थिक उपलब्धिहरू, वि.सं.२०५२, पृ. ९) । सदियौंदेखि रहेको सामाजिक र सांस्कृतिक अस्मिताको प्रतीक समाजका ७५ वर्ष पुगेका नागरिकहरूलाई सम्मान गर्ने परम्परा बसायो । आर्थिक दृष्टिले हेर्दा रु १०० ।– ज्यादै कम रकम भए पनि सरकारले सुरु गरेको त्यस कार्यलाई सामाजिक हिसावले ज्यादै असल कामको थालनिका रूपमा लिइयो ।

अपाङ्ग, वृद्ध र पत्रकारलाई ट्रलीबस र जनकपुर जयनगर रेल यात्रा गर्दा ५० प्रतिशत सहुलियत दिने व्यवस्था गऱ्यो । महिलावर्गको आय अभिवृद्धिका लागि प्रत्येक जिल्लामा थप १/१ वटा गाविसमा महिला विकास कार्यक्रम विस्तार गर्ने नीति लिएको र महिलाका लागि सिप विकाश परियोजना सुधार र व्यवस्थापनका लागि कार्यदल गठन गऱ्यो । 'बालबालिका सम्बन्धी नियमावली २०५०' लागु गरी पाँचवटै विकास क्षेत्रमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र महाविद्यालय स्थापना गर्ने कार्यको थालनी गऱ्यो । लेखक तथा कलाकारहरूलाई हौसला प्रदान गर्ने उद्देश्यले प्रत्येक विकाश क्षेत्रमा ५/५ जना उत्कृष्ट साहित्यकर्मी र कलाकारहरूलाई १० हजारका दरले पुरस्कार प्रदान गर्ने व्यवस्था गऱ्यो (प्रश्रित, वि.सं.२०५३, पृ. ३७) ।

सरकारले श्रम मन्त्रालयमार्फत ५११६ जनालाई विभिन्न किसिमका तालिम दिने व्यवस्था मिलायो । दैनिक ज्यालामा काम गर्ने कर्मचारीहरूलाई रु ५०।- ज्याला निर्धारण गऱ्यो । श्रमिकका हकहितलाई सङ्रक्षण गर्ने उद्देश्यले श्रमअदालत गठनको प्रारम्भ गऱ्यो (श्री ५ को सरकार, वि.सं.२०५२, पृ. ७४–७५) । सहिदका छोराछोरीहरूलाई स्नातक तहसम्म पढ्नको निम्ति छात्रवृति प्रदान गर्ने, पिछडिएका जनजातिका छोराछोरीहरूको पढाई र गरिब जेहन्दार विद्यार्थीलाई छात्रवृतिको व्यवस्था गऱ्यो (प्रश्रित, वि.स.२०५३, पृ. १५) । जग्गाको किनबेचमा उत्पन्न हुने समस्याको अन्त्य गर्न जग्गाधनी पूर्जामा र कोठामा तीनपुस्ते नागरिकताको नम्बर, फोटो र सहीछापको नमुनासहित मालपोत अधिकृतबाट प्रमाणित गराई राख्ने नयाँ नीति अवलम्बन गरेको थियो । सरकारले सामाजिक क्षेत्रमा केही नयाँ आयमहरू थप गर्दै, समाजमा रहेका हरेक, जातजाति भाषाभाषी, वर्ण, लिङ्ग कसैलाई भेदभाव नगरी सम्मान गऱ्यो ।

शिक्षा नै गाउँ र राष्ट्रको विकासको लागि एउटा मुख्यतत्व हो भन्ने मान्यताका साथ शैक्षिक सत्र २०५२/५३ देखि कक्षा १० सम्मको पढाइ निःशुल्क गर्ने, त्यस बेलासम्म खुलेका अस्थायी माध्यामिक विद्यालयहरूलाई क्रमश स्वीकृति दिनु, प्रवेशिका परीक्षा दिई एक विषयमा अनुउत्तीर्ण भएका परीक्षार्थीलाई प्राविधिक शिक्षाको व्यवस्था गर्ने र उतीर्ण भएमा पूर्वशिक्षासरह

मान्यता दिने, शिक्षकहरूलाई औषधी उपचारको सुविधा दिने कार्य गऱ्यो । कृषि विश्वविद्यालयका साथै पूर्वाञ्चलमा एक र पश्चिमाञ्चलमा एक विश्वविद्यालय स्थापनाका लागि पूर्वाधार तयार गर्ने व्यवस्था मिलायो (प्रश्रित, वि.स.२०५३, पृ. १६–२५) ।

प्राथमिक शिक्षा प्रभावकारी तुल्याउन देशव्यापी रूपमा प्राथमिक विद्यालयका लागि विशेष सहायता कार्यक्रम प्रारम्भ गऱ्यो । साक्षरता अभियानका लागि विशेष कार्यक्रम ल्याई शिक्षक समुदायको मागअनुरूप शिक्षा नियमावली संशोधन तथा परिमार्जनसमेत गऱ्यो । उच्च शिक्षामा उत्पन्न दिशाहिनता र विशृङ्खलतालाई हटाउने दिशामा महत्वपूर्ण पाइला चाल्यो (गोरखापत्र, वि.सं.२०५२ भाद २६) । पुष्पलाल स्मृति प्रतिष्ठान, टंकप्रसाद स्मृति प्रतिष्ठान र देवकोटा प्रतिभा उपचार कोष स्थापना गर्ने र मदन-आश्रित प्रतिष्ठानलाई व्यवसायिक तथा सिपमूलक तालिम सञ्चालनार्थ २ करोड बजेट विनियोजन गऱ्यो (श्री ५ को सरकार, वि.स.२०५२, पृ. १७) । देश सबै जातजाति भाषाभाषीको भएको हुँदा ती सबैको विकास गर्न, शैक्षिक सुधारका क्रममा मातृभाषामा प्राथमिक शिक्षा उपलब्ध गराउन, पाठ्यक्रम तर्जुमा र लेखन कार्यको प्रारम्भ गऱ्यो । समाजमा पिछडिएका जनजातिका छात्रछात्राहरूलाई अध्ययन गर्न सजिलो होस् भन्ने उद्देश्यले शैक्षिक सामग्री खरिद गर्न रु ६००।– का दरले आर्थिक सहायता प्रदान गऱ्यो ।

### ८.६.३ प्रशासनिक क्षेत्रका कार्यहरू

सरकारलाई सफलअसफल गराउन प्रशासन संयन्त्रको भूमिका प्रमुख रहेको हुन्छ । त्यसैले कर्मचारी प्रशासनलाई स्थायी सरकार पनि भन्ने गरिन्छ । सरकारले आफ्ना नीति निर्धारण गरे पश्चात् उक्त नीतिलाई जनतासामु लैजाने र त्यसको कार्यान्वयन गर्ने काम प्रशासनिक क्षेत्रको हुने हुँदा यस क्षेत्रप्रति सरकार सगज र सचेत थियो । सरकार गठनपछि प्रधानमन्त्री मनमोहन अधिकारीले देशबासीका नाममा दिएको सन्देशलाई गोरखापत्रमा यसरी उल्लेख गरिएको पाइन्छ :

> प्रशासन सार्वजनिक निकाय र सञ्चारका साधनलाई स्वयत्त र निष्पक्ष बनाउने, विगत पञ्चायत तथा कांग्रेसी शासनकालमा अन्यायपूर्वक निकालिएका वा कार्वाहिमा पारिएका कर्मचारी, शिक्षक तथा राष्ट्र सेवकहरूलाई ससम्मान न्याय दिने, राजनीतिक पूर्वाग्रहद्वारा लगाइएका झुट्टा मुद्दा खारेज गर्ने, अन्यायपूर्वक जेल परेका बन्दीहरूको रिहाइ गर्ने, भ्रष्टाचार बिरोधी कानुन बनाई भ्रष्टाचार नियन्त्रण सम्बन्धी निकाय तथा कानुनलाई प्रभावकारी बनाउने, आस्थाको आधारमा भेदभाव नगर्ने, योग्यता, क्षमता र अनुभवका आधारमा पारदर्शी र वैज्ञानिक ढङ्गबाट मूल्याङ्कन गर्ने, राज्य सञ्चालनको प्रक्रियालाई निरन्तर जनताको सुपरिवेक्षणमा राखिने छ । (वि.सं.२०५१ मङ्सिर १४)

उपर्युक्त भनाइलाई हेर्दा त्यसअघि हुन गएका अन्यायपूर्ण कामहरूलाई रोक्दै न्यायपूर्ण व्यवहार गरिने स्पष्ट दृष्टिकोण राखेको पाइन्छ । विगतको सरकारले प्रशासनमा पारदर्शिताको नीति लागु गर्न नसकेको बुझाई रहेको थियो । राजनीतिक प्रतिशोधको आधारमा कर्मचारीको नियुक्ति, बढुवा, खोसुवा र अवकास दिने अगाडिका कार्य अन्यायपूर्ण थिए । त्यस कुराको पुष्टि

सर्वोच्च अदालतले अवकास दिइएका केही कर्मचारीहरूलाई पुनः नियुक्ति गर्न श्री ५ को सरकारलाई दिएको आदेशबाट समेत स्पष्ट हुन्छ (अर्याल, वि.सं.२०५१, पृ. ७९) । विभिन्न सार्वजनिक संस्थानमा खाली रहेका ठाउँमा सरकारले नयाँ नियुक्ति गर्ने क्रममा महाप्रबन्धक, कार्यकारी प्रमुखलगायतका पदहरूमा पहिलोपटक खुल्ला रूपमा दरखास्त आह्वान गरी सक्षम व्यक्तिहरूलाई लोकसेवाको प्रक्रियाबाट नियुक्ति गर्ने कामको थालनी गर्‍यो (मिश्र, वि.सं.२०५८, पृ. ३१४) । त्यसअघि त्यस्ता ठाउँमा परिवारका सदस्य र पार्टीका कार्यकर्तालाई भर्ति गर्ने केन्द्र बनाउँदै आइएको थियो । तर मनमोहन अधिकारी प्रधानमन्त्री भएको बेलामा उनले आफ्ना नातागोता, छोराछोरी, बुहारीलाई पनि आफूबाट टाढै राखे । परिवारका सदस्यहरूलाई कुनै काम लिएर नआउन भन्दै उनीहरूलाई आफ्नै मासुको मान्छे प्रधानमन्त्री भएकोमै सन्तुष्ट होउ भन्दै पारिवारिक दवावमा काम नगर्ने कुरामा प्रष्ट थिए (अधिकारी, वि.सं.२०५५ चैत्र, पृ. १६) । गरीव मुलुकमा परिवारको कुनै सदस्य ठाउँमा पुगेका बेला आफ्नै पारिवारका सदस्यले घेरेर काम गर्न नदिने, परिवारका सदस्यहरूबाट सत्ताको दुरुपयोग गर्ने गरेका थुप्रै उदाहरण पाइन्छन् । ती सबै कुरा राम्रोसँग बुझेका उनले आफ्नो परिवारको होइन सिङ्गो मुलुकको पक्षमा ध्यान दिए । उनको नजरमा आफ्ना परिवारका सदस्य र नेपाली जनतालाई समान दृष्टिले हेर्ने गरेको पाइन्छ ।

मुलुकमा बहुदलीय प्रजातन्त्रको स्थापनापछि पनि प्रशासनिक क्षेत्र पुरानै शैलीबाट चलिरहेको थियो । त्यसो हुँदा पेशागत अधिकारका नीम्ति आवाज उठाउदा कारवाही भोग्नु परेको कुरालाई अन्यायपूर्ण मान्दै त्यसलाई सुधार्ने प्रयास गरे । त्यस अघिको सरकारका कृर्षि मन्त्री शैलजा आचार्यले विभिन्न मन्त्रालयमा भएका भ्रष्टाचारका कुरा उठाउदा उनलाई नै वर्खास्त गरेको थियो । जुन कुरालाई मनमोहन अधिकारीले विरोध गरेका थिए । उनी भ्रष्टाचारका विरुद्धमा खरो देखिन्थे (रिमाल, वि.सं.२०६४, पृ. ११६) । फलत सरकारले शाही नेपाल वायुसेवा निगमभित्र भएको अनियमितता बारे छानविन गर्ने काम गर्‍यो । संसद् र जनस्तरमा पनि शानेवानिद्वारा युरोपमा धमिजालाई जनरल सेल्स एजेन्ट दिइएको विषयलगायतका अनियमितताबारे छलफल हुँदै गर्दा प्रतिनिधिसभाको विघटन भएको थियो । यद्यपि सरकार गठनलगतै उक्त कारोवारको छानविनका लागि पुनरावेदन अदालतका न्यायाधीशको अध्यक्षतामा आयोग गठन गरी आयोगबाट प्राप्त प्रतिवेदन सार्वजनिक गर्‍यो (गोरखापत्र, वि.सं.२०५२ भाद्र २६) । भ्रष्टाचार र अनियमिततामा सङ्लग्न व्यक्तिहरूलाई कारवाहीको दायरामा ल्याउन सुरु गर्‍यो । आर्थिक वर्ष २०५१/०५२ मा विनियोजित रकम खर्च गर्ने कार्यमा अनियमितता र भ्रष्टाचार गरी नोक्सानी गरेको सैनिक अदालतको ठहरलाई श्री ५ को सरकारले अनुमोदन गरेपछि उपरथी योगेन्द्र प्रतापजङ्ग राणाबाट १ करोड ४ लाख ५४ हजार ३७७ रुपैया असुल गरी कार्वाही गर्‍यो (गोरखापत्र, वि.सं.२०५२

बैशाख २२) । त्यसअघि सैनिक क्षेत्रभित्र हुने गरेका अनियमितताहरूको सरकारले छानविन गर्ने प्रचलन थिएन । तर त्यसलाई तोड्दै पहिलो पटक छानविन गरी कारबाही समेत गऱ्यो ।

सरकारले पारदर्शिताको नमुना प्रस्तुत गर्ने क्रममा दास ढुङ्गा दुर्घटनाका सम्बन्धमा प्रतिवेदन सरकार गठन भएको दुई हप्तापछि नै सार्वजनिक गऱ्यो । त्यसैगरी वि.सं.२०४६ सालको जनआन्दोलनको बेलाका दोषीहरू पत्ता लगाउन गठन भएको आयोगले सरकारसमक्ष पेश गरेको प्रतिवेदनलाई पनि सार्वजनिक गऱ्यो । सरकारले स्वतन्त्र न्यायालयको सम्मान गर्दै सार्वजनिक अपराध ऐनलाई प्रमुख जिल्ला अधिकारीको अधिकारबाट झिकेर अदालतको अधिकार क्षेत्रभित्र लैजाने काम गऱ्यो । मानवअधिकार उल्ङ्घन गर्ने कानुनहरू संशोधन गर्ने कार्यको सुरुवात गर्नुका साथै कानुनी राज्यको स्थापनाका लागि आवश्यक पर्ने प्रक्रियाहरूसमेत आरम्भ गऱ्यो (लुइटेल, वि.सं.२०५१, पृ. १५६) । नेपालको इतिहासमा पहिलो पटक राजनीतिक माग पुरा गराउन गरिने हड्ताल र बन्दहरू सरकारको सहिष्णुता र प्रयत्नका कारण सापेक्षित रूपमा शान्तिपूर्ण ढङ्गले सम्पन्न भए । फलतः कुनै पनि आन्दोलनलाई रोक्न बल प्रयोग गर्नु परेन । नौ महिने शासनकालमा सरकारी पक्षबाट कुनै नागरिकको अनाहकमा ज्यान गएन भन्ने सरकारको दावा रहेको थियो । हुन पनि त्यस अघिको सरकारले शासन गर्दाको तिन वर्षे अवधिमा ७० जना मारिएका र ४८ जना गम्भीर घाइते भएका थिए (गोरखापत्र, वि.सं.२०५२ भाद्र २६) । प्रजातान्त्रिक शासन व्यवस्थामा नागरिकको हत्या हुनु गम्भीर विषय हो भन्ने कुरामा सचेत हुँदै प्रधानमन्त्री मनमोहन अधिकारीले मानव अधिकार राजनीतिभन्दा माथि भएको दृष्टिकोण राख्दै सरकारका कारणले मानवअधिकार हनन् भएमा स्वयम् उनीहरूमाथि कारवाही गर्ने कुरा व्यक्त गरेका थिए । सरकारले क्षतिपूर्ति विधेयक संसदको आठौं अधिवेशनमा प्रस्तुत गऱ्यो । केही सार्वजनिक ऐनअन्तर्गतका मुद्दाहरू अदालतको क्षेत्रभित्र लैजाने सम्बन्धमा उक्त ऐनमा संशोधन गर्नसमेत विधेयक प्रस्तुत गऱ्यो । मानव अधिकारको सङ्रक्षण कसरी गर्न सकिन्छ भन्ने कुराको सरकारले राम्रो उदाहरण प्रस्तुत गर्न सक्यो ।

यो सरकारले विगतमा भएका कतिपय समझदारीहरूलाई कार्यन्वयन गर्ने काम पनि गऱ्यो । त्यसमध्येमा वि.सं.२०५० साल भदौ १ गते भएको सम्झौतालाई कार्यान्वयन गर्ने क्रममा गठित राजनीतिक मुद्दा सम्बन्धी कार्यदलको सिफारिसअनुसार २०९९ प्रतिवादीहरूलाई माफीका लागि र १६३ वटा सरकारी मुद्दा फिर्ताका लागि सिफारिस गऱ्यो । ४५ औं प्रजातन्त्र दिवसको उपलक्ष्यमा कारागारका ५० प्रतिशत कैद सजाय भोगिसकेका १९४ जनालाई बाँकी कैद मिनाहा गरी कैद मुक्त गऱ्यो । यध्यपि यस्तो काम पञ्चायती शासनकालमा पनि हुने गरेको थियो ।

### ८.६.४ सरकारको परराष्ट्र नीति र मित्रराष्ट्रको भ्रमण

नेपाल एक भूपरिवेष्टित राष्ट्र हो । पृथ्वीनारायण शाहका शब्दमा भन्नुपर्दा 'नेपाल दुई ढुङ्गा बीचको तरुलका रुपमा रहँदै आएको छ । भिन्दाभिन्दै राजनीतिक मान्यता भएका दुई ठूला राष्ट्र भारत र चीनका बीचमा अवस्थित नेपालले आफ्नो स्वतन्त्र अस्तित्लाई बचाई राख्नका लागि दुवैसँग सुमधुर सम्बन्ध राख्नु नितान्त आवश्यक छ । नेपालको विकास निर्माण र हरेक क्षेत्रमा प्रगति हासिल गर्नका लागि गुटबन्दी र हातहतियारको होडबाजिमा नलागी सबैसँग भाइचाराको सम्बन्ध राख्नु पर्ने हुन्छ । भौगोलिकताको कारणले भारतसँग नेपालको बढी मित्रता हुनु आवश्यक छ तापनि चीनलगायत अन्य राष्ट्रको सहयोग र समझदारीविना नेपालको उन्नति हुन सक्दैन । नेपालको स्वतन्त्रता र सार्वभौमसत्तालाई अक्षुण राख्नसमेत असङ्लग्न परराष्ट्र नीति आवश्यक छ भन्ने ठहर गर्दै त्यस अघिका विदेश नीतिका सम्बन्धमा निम्न लिखित रूपले आलोचना गरिएको थियो :

(क) असङ्लग्न विदेश नीति भनेको भए पनि त्यसभन्दा अगाडिका शासकहरूले साम्राज्यवाद परस्त नीति अपनाउँदै आएको ।

(ख) राष्ट्रवादको चर्को नारा उठाउदै घातक तथा अपमानकारी सन्धिहरूमा हस्ताक्षर गर्दै आएको ।

(ग) मित्र राष्ट्रहरूमध्ये एउटाको आड लिएर अर्कोसँग मोलतोल गर्ने परम्परा अपनाउने प्रवृति मण्डले राष्ट्रवाद हो (नेकपा एमाले, वि.सं.२०४८, पृ. ३०) ।

जनआन्दोलनपछि गठन भएको पहिलो निर्वाचित सरकार प्रमुख गिरिजाप्रसाद कोइराला अमेरिका परस्त थिए । उनले तिब्बतलाई टुक्र्याउने अमेरिकी नीतिलाई सक्दो सहयोग गरेका थिए (पुलामी, वि.सं.२०५३, पृ. ४८) । ताइवानसँग नजिक हुन खोजेको, भारतसँग बढी नजिक भएको, नेपाली नेताहरूले हतियार सम्बन्धी दिएका विचारहरू, भारतको तुलनामा चीनको व्यापारले पश्रय पाउन नसकेको, चीनमा प्रजातान्त्रिकरण गरिनु पर्ने नेपालको अडान आदि विविध कुराले गर्दा दुवै मुलुकका बीचको सम्बन्धलाई असर पार्ने कुरा भएको परराष्ट्र नीतिका विश्लेषकहरूको धारणा रहेको थियो (दाहाल, वि.सं.२०५२, पृ. १६९) ।

यो सरकारले देशको वैदेशिक नीति सञ्चालन गर्नका निम्ति पार्टीको घोषणापत्र २०५१ मा उल्लेखित मान्यता एवम् अवधारणाहरूद्वारा निर्देशित प्रतिबद्धता लिएको थियो । सोहीअनुसार मनमोहन अधिकारीले प्रधानमन्त्रीको शपथग्रहण गरेकै दिन देशवासीका नाममा दिएको सन्देशमा परराष्ट्रका सम्बन्धमा प्रस्तुत गरेको उनको धारणा गोरखापत्रमा यसरी प्रस्तुत उल्लेख गरेको पाइन्छ :

> सरकारको विदेश नीतिको सञ्चालन देश र जनताको सर्वोपरी हितमा परिलक्षित गरिनु पर्ने दृढ विश्वास रहेको र त्यसका नीम्ति विश्वका सबै देशहरू विशेषगरी भारत र चीनलगायतका छिमेकीहरूसँग पञ्चशील र समानताको आधारमा सम्वन्ध कायम राख्न सदा क्रियाशील रहने छौं । भुटानी शरणर्थी समस्यालाई पारस्पारिक सहमतिबाट समाधान गर्ने हाम्रो नीति हुने छ । (वि.सं.२०५१ मङ्सिर १५)

उपर्युक्त भनाइबाट स्पष्ट हुन्थ्यो कि सरकारले परराष्ट्र नीतिका सम्बन्धमा आफ्ना छिमेकी राष्ट्रहरूमध्ये कसैसँग नजिक र कसैसँग टाढा हुने नीतिभन्दा पनि सार्वभौम मुलुक हुनुका नाताले छिमेकीहरूसँगको सम्बन्धलाई सुमधुर कायम राख्दै अघि बढ्ने लक्ष्य राखेको पाइन्छ ।

## (क) संयुक्तराष्ट्र सङ्घमा सम्बोधन

संयुक्तराष्ट्र सङ्घद्वारा वि.सं.२०५१ फागुन २२ देखि २८ गतेसम्म डेनमार्कको कोपनहेगनमा आयोजित सामाजिक विकासको निम्ति विश्व शिखरसम्मेलनमा नेपालको तर्फबाट प्रधानमन्त्री मनमोहन अधिकारी नेतृत्वको प्रतिनिधिमण्डलले भाग लियो । उक्त सम्मेलनमा नेपाली प्रतिनिधिमण्डलको नेताको हैसियतले भुपरिवेष्ठित मुलुकलाई पारवहन सुविधा दिनु पर्ने र विकासोन्मुख मुलुकहरू खासगरी विपन्न मुलुकहरूको ऋण मोचन सम्बन्धी स्पष्ट धारणा राखे (श्री ५ को सरकार, वि.सं.२०५२, पृ. ९१) । उक्त सम्बोधनका क्रममा नेपाल जस्ता अविकसित मुलुकहरूलाई आफ्नो भाग्य निर्धारण गर्ने आफै योजना बनाउनु पर्ने आवश्यकता औल्याउदै भूपरिवेष्ठित तथा कम विकसित राष्ट्रहरूको समस्यालाई वस्तुपरक यर्थाथ ढङ्गले बुझेर तिनलाई प्रदान गर्ने सहयोगमा वृद्धि गर्न विकसित मुलुकहरूलाई आग्रह गरे । त्यसका साथै अन्तर्राष्ट्रिय कानुनअनुरुप भियना महासन्धिले स्वीकार गरेको पारवहन स्वतन्त्रताको सिद्धान्तलाई सबैले सम्मान गरी निर्वाध रुपमा सबै देशले समुन्द्रसम्म पुग्न पाउने अधिकार कुन्ठित हुन नदिन आग्रह गरे । कम विकसित मुलुकहरूलाई व्यापार तथा भन्सारमा सौविध्यपूर्ण सुविधा दिने प्रावधान यथाशिघ्र कार्यान्वयन हुनु पर्ने र उनीहरूमाथि परेको ऋणको भार कम गर्न विकसित मुलुकहरू अन्तर्राष्ट्रिय वित्तिय संस्थाहरू, निकायहरू तथा दातृदेशहरूलाई अपिल गरेका थिए (गोरखापत्र, वि.सं.२०५१ फागुन २९) ।

सम्मेलनमा नेपालको तर्फबाट मनमोहन अधिकारीले आफ्ना भनाई राखी रहँदा उपस्थित सबैले ध्यानपूर्वक सुनिरहेका थिए । विश्वभरि लोकप्रियताको शिखरमा रहेका दक्षिण अफ्रिकी नेता नेल्सन मण्डेला र क्युवाका राष्ट्रपति फिडेल क्यास्ट्रोसहितका दर्जनौं नेताहरूले वक्तव्य सुनिसकेपछि आफ्नो सिटबाट उठेर हात मिलाए (पोखरेल, वि.सं.२०६६, पृ. १९) । नेपालको राष्ट्रियता र सामाजिक परिवर्तनको प्रतिवद्धतालाई मनमोहन अधिकारीले स्पष्ट दृष्टिकोणका साथ विश्व सामु राख्न सफल भए ।

संयुक्त राष्ट्रसङ्घलाई पूर्ण सुदृढ र प्रभावकारी तुल्याउन नेपालले सक्रिय भूमिका निर्वाह गर्ने नीतिअनुरुप त्यो सरकारको समयमा संयुक्त राष्ट्र संघद्वारा आयोजित कार्यक्रममा नेपालको प्रतिनिधित्व भयो । उक्त सम्मेलनमा जाने र फर्कने क्रममा विभिन्न मुलुकका सरकार प्रमुखहरूसँग भेटवार्ता गरेका थिए । त्यस क्रममा फ्रान्सको अनौपचारिक भ्रमण गरी त्यहाको माथिल्लो सदनमा रहेको 'फ्रान्स नेपाल समूह' का उपाध्यक्ष जीन ब्राइन सहितको टोलिसँग भेट भयो । त्यस क्रममा दुई देश बीचको सहयोगलाई अगाडि बढाउने सम्बन्धमा छलफल केन्द्रित रह्यो (पोखरेल, वि.सं.२०६६, पृ. २१) । फ्रान्सबाट बेलायत जाने क्रममा मनमोहन अधिकारीले हवाइजाहजको आरामदायी यात्राको सट्टा स्टार रेलबाट यात्रा गरेका थिए । त्यो यात्रा नेपाल सरकारको पैसा जोगाउने भन्दा पनि त्यहाँको विकासको गतिमा मारेको फड्को हेर्ने उद्देश्यले गरिएको थियो ।

वि.सं.२०५१ चैत्र १ गते लण्डन पुग्दा त्यहाँका दक्षिण एसियाली सल्लाहकार समूहका अध्यक्ष ह्यान डायलसँग भेट भयो । सोही दिन साँझ आयोजना गरिएको रात्रीभोजमा उपस्थित वेलायती उद्यमी र लगानीकर्ताहरूलाई नेपालमा लगानीका लागि आउन र नेपालीहरूले गर्न लागेको देश विकासमा साथ दिन आग्रह गरे । चैत्र ३ गते लण्डन स्थित अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूले मनमोहन अधिकारीसँग विभिन्न कोणबाट प्रश्न राखेका थिए । निर्वाचनका माध्यमबाट कम्युनिस्ट नेता प्रधानमन्त्री भएको कुरा बढी चासोको विषय बन्यो । उनीसँग वि.वि.सी.रेडियो, टेलिभिजन, नेपाली, हिन्दी र अङ्ग्रेजी सेवाहरूले लामो अन्तर्वार्ता लिए (पोखरेल, वि.सं.२०६६, पृ.२२-२४) । प्रधानमन्त्री मनमोहन अधिकारीको सम्मानमा जर्मन नेपाल मैत्री सङ्घद्वारा आयोजना गरिएको रिसेप्सेनमा आमन्त्रित अतिथिहरूसँग पनि भेट भयो । भ्रमणका अवसरमा विभिन्न मुलुकका वरिष्ठ राजनीतिज्ञहरू र विभिन्न दलका नेताहरूसँग भएको भेटघाट र विचारहरूको आदान प्रदानले पारस्पारिक समझदारी र मित्रता अभिवृद्धि गर्न मद्दत पुग्यो ।

**(ख) भारत भ्रमण**

नेपालमा पहिलोपटक निर्वाचनका माध्यामबाट स्थापना भएको नेकपा एमालेको सरकारले नेपाल भारत सम्बन्धलाई पारस्पारिक हितको आधारमा विकसित तुल्याउँदै लैजाने नीति लियो । सोहीअनुरूप भारतसँगको सम्बन्धलाई समय सापेक्ष नयाँ गति दिन भारतसँग यथार्थताको आधारमा समझदारी अभिवृद्धि गरी द्विपक्षीय हितका लागि सम्बन्धहरू सुदृढ गर्दै लैजाने क्रममा भारतका तत्कालीन प्रधानमन्त्री पी.भी.नरसिंह रावको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री मनमोहन अधिकारीले वि.सं.२०५१ साल चैत्र २७ गतेदेखि मित्रराष्ट्र भारतको पाँचदिने अनौपचारिक भ्रमण गरे । उक्त भ्रमणका अवसरमा नेपाल भारतबीचको उच्चस्तरीय औपचारिक वार्ता सुरुकै दिन

नयाँदिल्ली स्थित हैदरावाद हाउसमा प्रारम्भ भयो । प्रधानमन्त्री मनमोहन अधिकारी तथा भारतीय प्रधानमन्त्री पी.भी.नरसिह राव बीच वार्ता हुनुपूर्व दुई देशका उच्चस्तरीय प्रतिनिधि मण्डलका बीच वार्ता भयो । भ्रमणको दोस्रो दिन पनि नेपाल भारतका बीचमा औपचारिक वार्ता भयो । त्यस अवसरमा दुवै देशका प्रधानमन्त्रीबीच दुई घण्टासम्म गम्भीर वार्ता हुँदा नेपाल र भारत दुई देशका बीचको सम्बन्धका सबै पक्षमा कुराकानी भयो । उक्त वार्तामा वि.सं.२००७ को सन्धि पुनरावलोकन, फूलबारीको बाटो र टनकपुरमा नेपालको हित सम्बर्धन जस्ता विषयमा छलफल भयो (गोरखापत्र, वि.सं.२०५१ चैत्र २९) ।

कोसी, गण्डक र टनकपुरसम्बन्धी सम्झौतामा नेपाल ठगिएको छ भन्ने कुरा स्थापित भइसकेको थियो । वि.सं.२००७ सालको शान्ति र मैत्री सन्धिबाट नेपाली जनता असन्तुष्ट थिए । भुटानी शरणार्थीहरूको समस्याको समाधान भारतको संलग्नताबाट मात्र सम्भव छ भन्ने कुरा सिद्ध भइसकेको थियो । नेपाल र भारतबीचको व्यापार एकपक्षीय रूपमा चलिरहेछ भन्ने प्रष्ट थियो । त्यस्ता अनेकौ समस्याको समाधान गर्नु सरकारको दायित्व हुँदाहुँदै पनि नेपालले गम्भीर र प्रतिबद्ध रूपमा प्रयास गर्न सकेको थिएन । ३० वर्षीय पञ्चायती शासन र प्रजातन्त्र पुनस्थापनापछिका सरकार प्रमुखले पटकपटक भारतको भ्रमण गरेका भए तापनि उक्त सन्धिको बारेमा कुरा उठाउनेसम्म साहस गरेका थिएनन् । उक्त सन्धिका बारेमा कुरा उठाउनासाथ ठूलो दुर्घटना हुनसक्छ, भारत रिसाई हाल्छ भन्ने सङ्कुचित मानसिकताले भारतको आसय बुझेर डराईडराई प्रस्ताव राख्ने परम्परा हुर्केको थियो (उपाध्याय, वि.सं.२०७० जेठ ७) । जसको कारण नेपाल र भारत दुई देश बीचका सन्धि र सहयोगलगायतका विषयमा भारतसँग भएका सन्धिहरूलाई समयानुकूल बनाइनुपर्छ भन्ने मागलाई मुलुकभित्रै पनि दबाइएको थियो । मनमोहन अधिकारीले भारतीय प्रधानमन्त्री पी.भी.नरसिंह रावलाई उक्त सन्धि समसामयिक नभएको त्यसका कतिपय प्रावधानहरू नेपालको हितविपरित रहेको र नेपाल भारतबीच सुमधुर सम्बन्ध बनाउन जहिले पनि बाधकका रूपमा रहेको हुँदा त्यसको पुनरावलोकन गरी समयसापेक्ष सुधार गर्नु पर्ने प्रस्ताव राखे (अधिकारी, वि.सं.२०६६, पृ. १४) । जुन कुरालाई भारतीय सत्तारूढ पार्टी, विपक्षी दल, प्रेस, उद्योगपतिहरू तथा अन्यसबै क्षेत्रबाट स्वागत गरियो । वी.वी.सी.लगायत सञ्चार माध्यमहरूले नेपालका प्रधानमन्त्रीको भनाइको प्रशङ्सा गर्दै समाचार प्रसारण गरे (प्रकाश साप्ताहिक, वि.सं.२०५२ बैशाख ४) । भारत समक्ष मनमोहन अधिकारीले नेपालको हितलाई स्पष्ट र मैत्रीपूर्ण भाषामा राखेपछि भारत पनि बदँलिएको परिस्थितिमा नेपाल भारत सम्बन्धलाई पुनरावलोकन गर्नुपर्छ भन्ने कुरामा सहमत भयो । त्यतिवेला भारतका प्रधानमन्त्री पी.भी.नरसिंह रावले व्यक्त गरेको धारणालाई गोरखापत्रले यसरी उल्लेख गरेको पाइन्छः

> मनमोहनजी आजको बदलिँदो परिस्थितिमा नेपालले भारतसँगको सम्बन्धमा केही सुधार गर्न चाहेको छ भन्ने कुरा नेपालको प्रधानमन्त्रीबाट पहिलोपटक हामीले सुनेका छौं । हाम्रो मनसाय पनि ५० वर्ष पुरानो कुरा बोकेर निकट मित्र नेपाललाई चिढ्याउन चाहदैनौं । त्यही कुरा राष्ट्रिय सहमतिका आधारमा आइदिए हामीलाई धेरै सजिलो हुने थियो । (वि.सं.२०५२ बैशाख २)

उपर्युक्त भनाई राष्ट्रियताको सवालमा नेपालीहरूमा रहेको विभाजीत व्यवहारको घोतक अभिव्यक्ति थियो । नेपालको राजनीतिमा एक थरी भारतको अमूर्त वा सामान्यकृत रुपमा विरोध गरेर राष्ट्रवादी देखिने अर्को थरी भारतप्रतिको भक्तिभाव देखाउन उसका अनुचित व्यवहारको समेत विरोध गर्न नसक्ने दुई किसिमका समस्याहरू आमरुपमा प्रकट हुने गरेका थिए जुन आजसम्म पनि कायम छ । निरपेक्ष भारतको विरोध गर्ने त्यसैमा राष्ट्रवादी अडान देख्ने तर भारतसित बसेर आफ्ना कुरा भने राख्न नसक्ने समस्या नेपालले भोग्दै आयो । त्यसैले नेपाल र भारतका बीच रहेका यावत समस्यका बारेमा स्पष्टसँग कुरा उठाउने कोसिश नै भएन । त्यसलाई तोड्न मनमोहन अधिकारी सफल भए । उनले आफ्नो भूमि भारत र चीन दुवै मित्रराष्ट्रहरूको विरुद्ध प्रयोग हुन नदिने दृढता व्यक्त गरे । आन्तरिक सुरक्षाका लागि खरिद गरिने हतियार दुवै देश विरुद्ध लक्षित नरहेको प्रष्ट पारे । जलस्रोतको उपयोगको मामिलामा महाकाली नदीको स्तर निर्धारण गर्नमा ठूलो कसरत गरे । त्यस क्रममा टनकपुर सम्झौता सम्बन्धी विवाद नटुङ्ग्याउँदासम्म महाकाली प्याकेज अगाडि नबढाउने धारणा राखे (शिवाकोटी, वि.सं.२०५८, पृ. २३९) ।

मनमोहन अधिकारीले नेपालका तर्फबाट भनाइ राखेपछि भारत सरकारले पुनरावलोकन गर्ने कुरा वि.सं.२००७ को सन्धिमात्र होइन नेपालबाट भारततिर निकासी गर्ने वस्तुहरूको सूची नेपालले दिन सकेको खण्डमा भन्सार शुल्क र ट्यारिफको सम्बन्धमा सहानुभूतिपूर्वक विचार गर्ने छौं भन्ने धारणासमेत व्यक्त गरे । त्यसै गरी जलस्रोतको सम्बन्धमा नेपालको संसदमा एकमत भएर आएमा धेरै कुरामा नविन ढङ्गले सोच्न सजिलो पर्छ भनी भारतले राष्ट्रियताको सवालमा देखिएको नेतापिच्छेको धारणाप्रति इङ्गित गरे । भ्रमणको अन्त्यमा दुवै राष्ट्रका बीचमा वि.सं.२००७ को सन्धिका विषयमा छलफल जारिराख्ने सहमति कायम गर्नुका साथै दुई पक्षीय हितका सान्दर्भिक विषयमा उपर्युक्त तहमा छलफल गर्ने गरी १२ बुँदे सहमति भई संयुक्त वक्तव्यसमेत प्रकाशित भयो (गोरखापत्र, वि.सं.२०५२ बैशाख ३) ।

पाँचदिने भ्रमण सकेर स्वदेश फर्कनुअघि मनमोहन अधिकारीको सम्मानमा भारतीय उद्योगपतिहरूको महासङ्घ पश्चिम क्षेत्रीय विभागले मुम्बाईमा स्वागत समारोहको अयोजना गऱ्यो । भारतका प्रतिष्ठित उद्योग व्यवसायीहरूको सहभागिता रहेको उक्त समारोहमा श्री ५ को सरकारले उदार नीति अपनाई कतिपय प्रशासनिक झमेलाहरू हटाउने क्रम सुरु गरिसकेको भन्दै नेपालमा लगानी गरी नेपाल र भारतको आर्थिक सम्बन्धलाई अझ प्रगाढ बनाउन आग्रह गरे ।

प्रधानमन्त्री मनमोहन अधिकारीले विगतमा नउठेका राष्ट्रिय हितका कुराहरू उठाई एकअर्काका बीचमा समझदारी कामय गरी आपसी सम्बन्धलाई सुदृढ तुल्याउन कोशीस गरे । नेकपाले सुरुकै दिनदेखि विरोध गर्दै र असन्तुष्टि व्यक्त गर्दै आएको सन्धिका बारेमा सरकारका तर्फबाट कुरा उठाउनु र भारत पनि सन्धिलाई समयानुकूल पुनः मूल्याङ्कन गर्न तयार हुनुले केही सकारात्मक सन्देश दिन सक्यो । विगतदेखि परम्पराजस्तै बन्दै आएको पहिला भारतको भ्रमण गरेरमात्र अन्य देशको भ्रमण गर्ने परम्परालाई मनमोहन अधिकारीले तोडे । उनले पहिले युरोपीयन मुलुकहरूको भ्रमण गरेरमात्र भारतको भ्रमण गरे । साङ्गठनिक हिसावले कमजोर भएको हुँदा मनमोहन अधिकारीको राजनीतिक अडान नभएको, भनी मूल्याङकन गरिएको थियो । प्रधानमन्त्री हुनुअघि उनलाई हेर्ने दृष्टिकोण पनि त्यति सकारात्मक थिएन । जव उनी प्रधानमन्त्री बन्न सफल भए र जनताका पक्षमा काम गरे, दशकौंदेखि उठाउँदै आएका विषयलाई निरन्तर उठाइरहेपछि उनको व्यक्तित्व र उनलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आयो ।

**(ग) चीन भ्रमण**

नेपालमा वि.सं.२००७ सालमा प्रजातन्त्र प्राप्तिपछि वि.सं.२०१३ सालमा नेपाल चीनबीच कुटनीतिक सम्बन्ध स्थापित भएको थियो । तत्पश्चात् शान्तिपूर्ण सहअस्थित्वप्रतिको दुवै देशको प्रतिवद्धता, समझदारी र सद्भावका आधारमा दुवै मुलुक बीच सीमा सम्झौता हुनु तथा नेपालको विकास प्रयासमा चीनद्वारा गहिरो अभिरुचि देखाउनुले पनि द्विपक्षीय सम्बन्ध सुदृढ गर्न मद्दत मिलेको थियो । नेकपा एमालेको सरकार स्थापना भएपछि चीन यस किसिमको सम्बन्धलाई अझै दरिलो र चिरस्थायी बनाउन चाहन्थ्यो ।

नेपाल र चीन बीचको सम्बन्धलाई परम्परागतरूपमा अझ सुदृढ बनाउन जनवादी गणतन्त्र चीनका प्रधानमन्त्री श्री लिफङ्गको निमन्त्रणामा प्रधानमन्त्री मनमोहन अधिकारीले वि.सं.२०५२ बैशाख ४ देखि ८ गतेसम्म चीनको औपचारिक भ्रमण गरे । भ्रमणका अवसरमा उनले आर्थिक विकासका सम्बन्धमा जोड दिँदै आफ्नो सरकारको आर्थिक, वैदेशिक नीतिका बारेमा चिनियाँ पक्षलाई जानकारी गराए । त्यसै गरी चिनियाँ पक्षबाट नेपालले लिएको नीति र विकासप्रतिको अवधारणाको सरहना गरे । त्यसपछि दुवै देशका बीच भएको वार्तामा नेपाल र चीन बीच आर्थिक तथा प्राविधिक सहयोग सम्बन्धी सम्झौताका साथै अन्य पाँच वटा सहयोग सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर आदानप्रदान भयो । सम्झौताअनुसार चीनले नेपालको आर्थिक तथा प्राविधिक विकासका लागि आठ करोड युनान (करिब ४६ करोड नेरु.) आर्थिक अनुदान उपलब्ध गराउने भयो । उक्त रकम दुईपक्ष बीच सहमति भएका योजनाहरूमा खर्च गरिने र त्यस्ता योजना नेपालको आवश्यकता र प्राथमिकताअनुरूप सञ्चालन हुने कुरा उल्लेख थियो (गोरखापत्र, वि.सं.२०५२ बैशाख ५) ।

त्यसभन्दा अगाडि नै चीनले ६ करोड अनुदान सहयोग उपलब्ध गराउने बचन दिएकोमा यसपटक उक्त रकम बढाएर आठ करोड युनान पुऱ्यायो । त्यसै गरी अन्य सहयोगसम्बन्धी सम्झौतापत्रहरूका अनुसार चीन सरकारले दसवटा ट्रलिवस तिनका अतिरिक्त उपकरणहरू उपलब्ध गराउने, पोखरा-बाग्लुङ राजमार्गको एक वर्षका लागि मर्मतसंहार कार्यमा लाग्ने खर्च बेहोर्ने, बी.पी. कोइराला क्यान्ससर अस्पतालमा वर्गीकरण उपचारपद्धतिका लागि आवश्यक रकम उपलब्ध गराउने जानकारी दियो । बी.पी.कोइराला क्यान्सर अस्पताल तथा सेतीनदीमा पुल निर्माण गर्ने सम्बन्धी सहमतिपत्रमा त्यसअघि नै हस्ताक्षर भइसकेको भए तापनि अस्पतालमा ती उपकरण थप्नेबारे त्यसअघि कुनै कुरा नभएको र सेतीनदीमा पुल निर्माण कार्य त्यसबेलासम्म प्रारम्भ नभएकोमा वि.सं.२०५२ सालको अन्त्यसम्ममा काम सुरु गर्ने समझदारी पनि त्यसै भ्रमणको सिलसिलामा भयो (गोरखापत्र, वि.सं.२०५२ बैशाख ६) । नेपाल सबै मुलुकहरूसँग मित्रतापूर्ण सम्बन्ध राख्न चाहन्छ । ताइवान र तिब्बत अविभाज्य भू-भाग हुन् र नेपालले त्यस विषयमा सधैं चीनको पक्षमा समर्थन गरेको छ भन्दै मनमोहन अधिकारीले आफ्नो सरकारले नेपालमा 'मुक्ततिब्बत' सम्बन्धी कार्यक्रमहरूमा रोक लगाएको जानकारी गराए (गोरखापत्र, वि.सं.२०५२ बैशाख ६) ।

प्रधानमन्त्री मनमोहन अधिकारीको मित्रराष्ट्र चीनको पाँच दिने औपचारिक भ्रमणको अन्त्यमा संयुक्त विज्ञप्ति प्रकाशित भयो । विज्ञप्तिमा शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्तमा आधारित नेपाल र चीन बीचको मित्रता क्रमिक रूपमा विकसित भएको सम्बन्धको समीक्षा गर्दै त्यसप्रति दुबै पक्षले सन्तुष्टि प्रकट गर्नुका साथै आर्थिक, व्यापारिक, सांस्कृतिक, शैक्षिक, प्राविधिक तथा अन्य क्षेत्रमा दुवै पक्ष लाभान्वित हुने गरी कार्ययोजना अघि बढाउने सहमति भयो । चीनले आफ्नो विकास कार्यक्रमबाट उपलब्ध गराउँदै आएको सहयोग नेपालको आर्थिक विकासमा अरू सहयोग गर्ने तथा नेपालमा संयुक्त लगानी प्रवर्द्धन गर्न आफू तयार रहेको विज्ञप्तिमा उल्लेख थियो (गोरखापत्र, वि.सं.२०५२ बैशाख ८) । दुई पक्षबीच आर्थिक तथा प्राविधिक सहयोग सम्झौता सम्पन्न हुनुका साथै मन्त्रीस्तरीय संयुक्त आर्थिक तथा व्यापारिक समितिको सातौं बैठक बेइजिङ्गमा सफलता पूर्वक सम्पन्न भएकोमा दुवै पक्षले सन्तोष व्यक्त गरे ।

चीनको पाँचदिने औपचारिक भ्रमणको अन्त्यमा वि.सं.२०५२ साल बैशाख ७ गते १२ बुँदे घोषणापत्र जारी गरियो । दुवै पक्षले जारी गरेका १२ बुँदाहरूलाई दृष्टिगत गर्दा चीनसँगको सम्बन्धमा सीमा सम्झौता बाहेक नेपालको कुनै खास राजनीतिक तथा सुरक्षात्मक समस्या देखिएको थिएन । तथापि समयसमयमा तिव्वतका सन्दर्भमा केही कुरा भने अवश्य उठेका थिए । त्यसमध्ये मानव अधिकारको सवाल प्रमुख विषय बनेको थियो । यद्यपि त्यसले खासै ठूलो समस्या सृजना गरेन । चिनियाँ सरकारले नेपालमा कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकार गठन भए पश्चात

त्यसलाई हेर्ने दृष्टिकोणमा कुनै भिन्नता राखेन । बरु त्यसभन्दा अगाडिका सरकार र एमालेको सरकारलाई समान दृष्टिले हेरेको र परम्परागत रूपमा उपलब्ध गराउँदै आएको आर्थिक तथा प्राविधिक सहयोग पनि यथावत कायमै राख्यो ।

### (घ) सार्क सङ्गठनलाई सम्बोधन

नेपालको सार्क सङ्गठन र सार्क मुलुकहरूसँग रहिआएको सम्बन्धलाई निरन्तरता दिंदै अगाडि बढाउने क्रममा वि.सं.२०५२ साल बैशाखको १९–२१ सम्म भारतको नयाँ दिल्लीमा भएको दक्षिण एसियाली सहयोग सङ्गठन सार्कको आठौं शिखर सम्मेलनमा प्रधानमन्त्री मनमोहन अधिकारीले भाग लिए । त्यसक्रममा उनले सार्कको घोषणापत्रमा उल्लेखित लक्ष्य परिपूर्ति हुनुपर्ने कुरामा जोड दिंदै दक्षिण एसियाली सौबिध्य व्यापार प्रणालीको शीघ्र कार्यान्वयनका लागि नेपालको समर्थन रहेको धारणा व्यक्त गरे (श्री ५ को सरकार, वि.सं.२०५२, पृ. ९१) ।

सार्क राष्ट्रहरूको शीर्षस्थ सम्मेलनकै अवसरमा प्रधानमन्त्री मनमोहन अधिकारीले भारतीय नेताहरूसँग द्विपक्षीय तथा आपसी हितका विषयहरूमा अनौपचारिक वार्ता पनि भयो । त्यस्तै उनले बङ्गलादेश, पाकिस्तान, भुटान, माल्दिभ्स र श्रीलङ्काका नेताहरूसँग भेटघाट गरी द्विपक्षीय प्राविधिक एवम् आर्थिक सहयोग समिति गठन गर्ने सम्झौता वि.सं.२०५१ फागुन ५ गते हस्ताक्षर सम्पन्न गरे (श्री ५ को सरकार, वि.सं.२०५२, पृ. ९२) । शीखर सम्मेलनकै अवसरमा भुटानका नरेससँग वार्ता गरी नेपालमा रहेका भुटानी शरणर्थीलाई ससम्मान शीघ्र घर फर्काउने वातावरण बनाउन जोड दिए । वि.सं.२०५२ साल बैशाख ९ देखि ११ गतेसम्म मङ्गोलियाको अनौपचारिक भ्रमण पनि सम्पन्न गरेर दुवै देश बीच द्विपक्षीय सांस्कृति सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर गरे ।

यस प्रकार मनमोहन अधिकारीले नेतृत्व गरेको सरकारको कार्यकाल छोटो समयका लागि मात्र भए पनि सार्कको आठौं शीखरसम्मेलनमा भाग लिने अवसर पाएकाले त्यस सङ्गठनका सदस्य राष्ट्रहरूसँग नेपालको विगतदेखि रहिआएको सम्बन्धलाई निरन्तरता दिने कार्य गरे । साथै सार्क भावनाअनुरुप क्षेत्रीय सहयोग र समस्याहरूलाई पनि निराकरण गर्न प्रयत्न गर्नु पर्नेमा जोड दिए । त्यस अवधिमा नेपालको सार्क मुलुकहरू र क्षेत्रीय सङ्गठन (सार्क) सँगको सम्वन्धमा विगतदेखि चलिरहेको सम्वन्धलाई कायम राखियो ।

## ८.७ वृद्धभत्ता उपलब्ध गराउने निर्णय

मनमोहन अधिकारीको नेतृत्वमा सरकार गठन हुनुअघि पनि नेपालमा थुप्रै सरकार गठन भए । ती सरकारहरूले देश र जनताका नाममा कैयौं निर्णयहरू गरे । तर ती निर्णयहरूले जनतामा सकारात्मक प्रभाव पार्न सकेनन् । मनमोहन अधिकारीको नेतृतवको सरकारले पहिलो

पटक प्रस्तुत गरेको पुरक बजेटमा देशका जेष्ठ नागरिकको सम्मान गर्नु तथा जीवन यापनमा टेवा पुऱ्याउनु राज्यको कर्तव्य भएकाले आगामी आर्थिक वर्षदेखि देशका ७५ वटै जिल्लाका ७५ वर्ष उमेर पुगेका सम्पूर्ण जेष्ठ नागरिकहरूलाई प्रतिमहिना एक सय रुपैयाका दरले जेष्ठ नागरिक भत्ता दिने व्यवस्था मिलाइएको घोषणा गऱ्यो (हफ्टन, रेपर, हवील्पटन, सन् १९९९, पृ. २१२) । मनमोहन अधिकारी वृद्धहरूलाई सम्मान हुने खालको कार्यक्रम ल्याउनै पर्ने सोचमा थिए । उनले कुनै पनि मन्त्रीलाई काम गर्ने सवालमा कुनै दवाव दिएनन् । सम्भवतः त्यही एउटा कार्यक्रम थियो जुन कार्यक्रम छुट्ला भनेर पटकपटक सम्झाएका थिए (मैनाली, वि.सं.२०७० जेठ ११)। दोस्रो पटक जारी गरेको अध्यादेश बजेटमा वृद्धवृद्धाहरूको उमेर घटाउँदै र दायरा फराकिलो बनाउने काम गऱ्यो । उक्त अध्यादेश बजेटमा ७० वर्ष उमेर पुगेका जेष्ठ नागरिक र ६० वर्ष उमेर पुगेका विधवा महिलाका निम्तिसमेत एक सय रुपैया मासिक भत्ता दिने व्यवस्था गऱ्यो (श्री ५ को सरकार, वि.सं.२०५२, पृ. ११–१३) ।

जेष्ठ नागरिकहरूलाई पहिलो पटक राज्यद्वारा सम्मान स्वरुप प्रदान गरेको वृद्धभत्ता सम्बन्धी निर्णय इतिहासमा कालजयी निर्णय हुन पुग्यो । देशमा भर्खर प्रजातन्त्र आएको थियो । राजनीतिक रूपमा शिक्षित नभएको हुँदा कतिपय अवस्थामा एक दलका कार्यकर्ताले अर्को दलका कार्याकर्तासँग बोल्नसम्म पनि छाडेका थिए । त्यस किसिमको राजनीतिक सस्कार हुर्कदै गएको अवस्थामा मनमोहन अधिकारीको सरकारले गरेको त्यस किसिमको निर्णयपछि वृद्धवृद्धाहरूले राजनीतिक पार्टीहरूलाई विर्सेर मनमोहन अधिकारीलाई प्रिय नेता मात्र होइन उनको निधन हुँदा वावा वावा भन्दै कति डाँको छाडेर रोएका थिए । हुन त त्यो रकम दिने बेलामा धनी गरिब नछुट्याई एकै रुपमा हेर्दा धनी वर्गलाई त्यति रकमको के महत्व छ ? त्यसले अनावश्यक रुपमा राज्यको ढुकुटी रित्याउने काम गरेको भन्ने हिसावले पनि आलोचना भयो । तर समयक्रमले के देखायो भने असहाय र गरिब वर्गका लागि त त्यो पैसा निकै मूल्यावान थियो भने व्यक्ति जति नै धनि भए तापनि काम गर्न नसक्ने बेलामा राज्यले सम्मान स्वरुप दिएको पैसा आफ्नो पुर्खौली सम्पतिलाई भन्दा पनि महत्व दिए (पाण्डे, वि.सं.२०७१, असोज ५) । जुन क्रम अध्यावधि रहेको देख्न सकिन्छ ।

मनमोहन अधिकारीलाई हटाएर बनेको शेरवहादुर देउवाको मिलिजुली सरकारका अर्थमन्त्री रामशरण महतले प्रस्तुत गरेको वि.सं.२०५३ सालको बजेटमा देशको अर्थतन्त्रले थेग्न सक्ने अनुपातमा आर्थिक सुरक्षा प्रदान गर्न केही समयदेखि सुरु गरिएको जेष्ठ नागरिक भत्ता तथा साठी वर्ष उमेर नाघेका विधवा महिलाहरूका लागि दिइँदै आएको असहाय भत्ताजस्ता सुरक्षाका कार्यक्रमहरू आउँदो आर्थिक वर्षमा समेत कायमै राखिने छ भनी उल्लेख गरेको थियो (थापा, वि.सं.२०६६, पृ. ३१) । त्यसपछि शेरबहादुर देउवालाई असक्षम भनी उनको सरकारलाई वर्खास्त

गरी गठन भएको अर्को सरकारका अर्थमन्त्री बदीप्रसाद श्रेष्ठ र प्रकाशचन्द्र लोहनी लगायतले त्यस कार्यक्रमलाई निरन्तरता दिए । नेपालमा सुरुवात गरिएको त्यस किसिमको सामाजिक कार्यलाई मनमोहन अधिकारीपछिका सबै सरकारहरूले मात्र होइन छिमेकी राष्ट्र भारतका केही प्रान्तीय राज्य र बङ्गलादेशमा पनि त्यहाँको सरकारले त्यसको अनुशरण गरे (पाण्डे, वि.सं.२०७१ असोज ५) । यसबाट स्पष्ट हुन्छ कि मनमोहन अधिकारीले नेतृत्व गरेको सरकारले केही त्यस्ता कामको सुरुवात गऱ्यो । जुन अन्य राष्ट्रले समेत अनुशरण गर्ने खालका थिए । नेपालको राजनीतिक इतिहासको अध्ययनगर्दा जहिले पनि एउटा पक्षले अर्को पक्षको खुट्टा तानातान गर्ने गरेको पाइन्छ । व्यक्तिगत तथा पार्टीगत स्वार्थका लागि राष्ट्रिय एवम् सर्वोपरि हितलाई गौण बनाइँदै आइएको छ । क्षणिक स्वार्थका लागि राष्ट्रलाई बन्धक बनाउने कामसम्म भएको छ । त्यसैले त समयसँगै प्रगति गर्दै जानु पर्नेमा राष्ट्र झन्झन् पछाडि पऱ्यो । जसको परिणाम स्वरुप नेपालीहरूले आफ्नो देशलाई भन्दा विदेशी भूमिलाई गरी खाने ठाउँ बनाउन बाध्य हुनु परेको छ ।

## ८.८ सरकार विरुद्ध अविश्वासको प्रस्ताव

मनमोहन अधिकारीको नेतृत्वमा सरकार गठन भएपछि अन्य राजनीतिक दलहरूले विश्वासको मत पनि दिएका भए पनि त्यो सर्मथन लामो समय कायम रहन सकेन । सरकार गठन भएको छोटो समयमा नै नेकाका नेता एवम् पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले 'यो सरकार तासको घर हो जतिबेला पनि ढल्न सक्छ' 'एमालेलाई फु गरेर ढालीदिन्छु' भन्दै असन्तुष्टि व्यक्त गरेका थिए (नेपालीपत्र साप्ताहिक वि.सं.२०५१ पुस २२ ) र नेकपा एमाले, वि.सं.२०५२ असार ५) । जुन कुरालाई एमालेले गम्भीर रूपमा लियो । त्यसो हुँदा नेकपा एमालेले पनि राजनीतिक परिस्थितिको गम्भीरताका साथ मूल्याङ्कन गरी सोही अनुसारको निष्कर्ष निकाल्दै मुलुकको अग्रगतिलाई सुनिश्चित गर्नु पर्ने निर्णयमा पुग्यो (नेकपा एमाले, वि.स.२०५२ जेठ) । एकातिर सरकारका काम कारवाहीबाट जनता उत्साहित हुँदै गयो भने अर्को तर्फ प्रतिपक्षमा रहेको नेका असाध्यै असहिष्णु बनेर प्रस्तुत भयो । उसले जनतालाई एमालेको सरकार चलेका बेला कुनै पनि राजस्व र कर नतिर्न आग्रह गऱ्यो । त्यतिमात्र होइन विदेशीहरूलाई कम्युनिस्टको नाममा बनेको त्यो सरकारलाई सहयोग नगर्न आह्वान गऱ्यो (नेपाल, वि.सं.२०६६, पृ. २९) । सरकार जनताका माझ जाने र अन्य राजनीतिक दलहरू सरकारलाई लखेट्दै जाने परिस्थिति बन्दै गएको अवस्थामा सरकार र दलहरूका बीचको दुरी बढ्दै गयो । गिरिजाप्रसाद कोइरालाले मात्र होइन नेकाका कार्यवाहक सभापति कृष्णप्रसाद भट्राइले समेत त्यो सरकारलाई हामी हटाएरै छाड्छौं भन्दै त्यसका लागि अन्य दलहरूसँग सहयोग माग्न थाले (अन्तर्राष्ट्रिय मञ्च मासिक, वि.सं.२०५२ असार, पृ. १५) । त्यसै गरी राप्रपाका अध्यक्ष सूर्यबहादुर थापाले पनि सरकारको आलोचना गर्दै एमालेमाथि संसदीय प्रजातन्त्रका सामान्य सिद्धान्त र आदेशलाई समेत बेवास्ता गर्दै

समग्र राष्ट्रलाई एमालेकरण गरी सर्वसत्तावाद कायम गर्न उद्यत रहेको आरोप लगाए । अन्य राजनीतिक दलहरू र नेताहरूले ठाउँठाउँमा सरकारका काम कारवाहीको विरोध गर्दै जानथाले । त्यसका वावजुद पनि सरकारले जनताको ध्यान आफुप्रति केन्द्रित गर्न देशमा दीर्घकालीन विकासका नयाँनयाँ कार्यक्रम ल्याउन लागेको कुरा जनता समक्ष जानकारी दिदै थियो ।

सरकारले एकपछि अर्को जनपक्षीय कार्यक्रम ल्याउन लागेको कुराले अन्य दलहरूलाई झन् सशङ्कित बनायो । विपक्षीहरूले सरकारले देशको वास्तविक स्थिति नै नबुझि जनपक्षीय कार्यक्रमका नाममा देशको ढुकुटी रित्याउने काम गरेको आरोप लगाउँदै जानथाले । नेका सरकारद्वारा जनतालाई अल्मल्याउने प्रयास गरी आँखामा छारो हालेको' भनी खरो आलोचनामा उत्रियो । सरकारका काम कारवाहीप्रति सबै दलहरूले असन्तुष्टि जनाए तापनि नेका अन्य दलहरूको तुलनामा निकै आक्रमक बन्यो । सरकार गठन भए लगतैदेखि उ सरकारको गृह, परराष्ट्र, आर्थिक, प्रशासनिक, आदि क्षेत्रमा गरिएका कामलाई लिएर आक्रोशित हुँदै गयो । त्यतिमात्र होइन सरकारले आफ्नो कार्यशैलीलाई नसुधारे उसलाई दिएको सर्मथन फिर्ता लिने चेतवानी दिंदै आइरहयो । विपक्षीहरूले सरकारको विरोध गर्नुमा सरकारले सुरु गरेका कामबाट जनतामा पर्न गएको सकारात्मक प्रभाव नै थियो भन्न सकिन्छ किन की विपक्षीमा रहदा सरकारले गरेका जुन कामको विरोध गरेको थियो आफू सरकारमा पुगेपछि तिनै कामलाई निरन्तरता दिनुले पुष्टि  गर्दछ ।

सरकारका कामबाट जनतामा सकारात्मक प्रभाव परिरहेको अवस्थामा सातौं महिना पछि प्रतिपक्षमा रहेका पार्टीहरू सरकारमाथि खरो रुपमा उत्रिन थाले । प्रतिपक्षीको विरोधका सम्बन्धमा सुरेन्द्र के.सी.(वि.स.२०६५) यसरी लेख्छन् :

> भारतसँग १९५० को सन्धि पुनरावलोकन र अत्यधिक जनमुखी बजेटको प्याकेज आउनासाथ एमाले सरकारप्रति देशी विदेशी सरोकार पक्ष देशको कम्युनिस्ट सरकार पल्टाउने निष्कर्षमा पुगे । अन्यथा नेपाल पनि पश्चिम वङ्गाल हुने तिनको निष्कर्ष बन्यो । मुख्य कुरा एमाले जस्तो अनाडी पार्टीले केही गर्न सम्भव छैन त्यसैले सत्तामा पठाएर त्यसलाई पङ्गु बनाउ भन्ने अभिप्रायबाट उसको अल्पमतको सरकारलाई संसदका सबै पार्टीहरूले विश्वासको प्रस्तावमा मतदान गरेका थिए । तर परिणाम सोचेको विपरित आइलाग्यो । त्यसैले विश्वासको मत फिर्ता लिएर अविश्वासको प्रस्ताव मार्फत सरकार अपदस्त गर्ने निश्चय गरे । (पृ. २६५)

उपर्युक्त भनाइबाट के पुष्टि हुन्छ भने सरकारका काम कारवाहीबाट जनता खुसी थिए । उसको लोकप्रियता बढ्दो थियो । जसका कारण अन्य पार्टीहरू क्रमशः छायाँमा पर्दै जान थालेका थिए । त्यसैले सरकारमाथि कम्युनिस्ट शैलीमा एकाधिकारवादी रूपले शासन गर्न प्रारम्भ गरेको, प्रशासनलाई एमालेकरण गरेको, महङ्गी नियन्त्रण गर्न नसकेको र विकास गर्ने वहानामा ढुकुटी रित्याएको जस्ता आरोपहरू विपक्ष पार्टीहरूले लगाए । उनीहरूले आरोपमात्र लगाउने होइन

व्यवहार पनि त्यसै किसिमको गर्न थाले । त्यसै क्रममा डोटी जिल्लाको टुँडिखेलमा भएको आमसभालाई मनमोहन अधिकारीले सम्बोधन गरिरहँदा नेका कार्यकर्ताले विरोध प्रदर्शन गर्दै नारा लगाए । त्यस्तै व्यवहार दार्चुलामा पनि देखाए (रावल, वि.स.२०६६, पृ. ३८) ।

सरकारले गरेका कामको विपक्षीहरूले विरोध गरे पनि जनताको खासै समर्थन नपाएपछि संविधानको धारा ५३(१) अनुसार बोलाइएको संसद्को नियमीत अधिवेशनमा एमालेले आफ्नो नीति कार्यक्रम र बजेट प्रस्तुत गर्न नसकोस भनेर असार २ मा विशेष अधिवेशन बोलाएर अविश्वासको प्रस्ताव लैजाने योजना बनाए (नेकपा एमाले, वि.सं.२०५२ असार ५) । वि.सं.२०५१ सालको प्रारम्भमा धमिजा काण्डमा गिरिजाप्रसाद कोइरालाको बयान लिएको कारण नेका, नेकपा एमालेको सरकारसँग क्रुद्ध बन्दै गयो । त्यसपछि सत्ताबाट नेकपा एमालेलाई हटाउन कांग्रेसले कसरत गर्न थाल्यो (ज्ञवाली, वि.सं.२०७० फागुन १०) । हुन त व्यक्ति र पार्टी फरक पाटो भए तापनि नेकाभित्र गिरिजाप्रसाद कोइरालाको प्रभाव बढ्दै गएको थियो । उनी विगतमा सरकार चलाउदा एमालेको क्रियाकलापबाट सन्तुष्ट थिएनन् । एक प्रकारले बदलाको भावना कुण्ठीत रहेको थियो । त्यसैले सरकार ढाल्ने उद्देश्यका साथ नेकाले पहिले राप्रपाप्रति हात बढायो तर राप्रपामा पनि द्विविधा रह्यो । संसदीय दलको बहुमत भएका लोकेन्द्रबहादुर चन्द पार्टी सुदृढीकरणका लागि नेकासँग भन्दा एमालेसँग मिल्नु पर्ने पक्षमा र सूर्यबहादुर थापा कांग्रेससँग मिल्नु पर्ने पक्षमा थिए । भइरहेको सरकार टिकाउँन वा नयाँ सरकार गठन गर्ने कुरामा राप्रपा अनिवार्य बन्दै गयो । वि.सं.२०५२ जेठ २५ गते नेकाद्वारा संसद्को विशेष अधिवेशनको माग गर्दै दरवारमा समावेदन गरेपछि सोही दिन बेलुका ८ बजे प्रधानमन्त्री निवास बालुवाटारमा एमालेको आपतकालीन बैठक बस्यो । बैठकमा सरकारमा टिकीरहन राप्रपासँग मिल्ने विचार बामदेव गौतमको र उसँग मिल्न नहुने मनमोहन अधिकारीको अलगअलग धारणा प्रस्तुत भएपछि विना निष्कर्ष बैठक टुङ्गीयो (अन्तर्राष्ट्रिय मञ्च मासिक, वि.सं.२०५२ असार, पृ. ११) । एमालेभित्र पनि सुरुदेखि नै राप्रपासँग मिल्न नहुने, प्रक्रियागत हिसावले एक पटक पुरा गरी सकेको संविधानको उपधारामा पुन फर्किन नहुने जस्ता कुरामा एक मत थिएन ।

एमाले पार्टीभित्रै पनि पार्टी सञ्चालनको जिम्मा लिएर बस्नेहरू सरकारमा गएकाहरूसँग सन्तुष्ट थिएनन् । उनीहरू सरकारका काम कारवाहीबाट भन्दा पनि सरकारमा गएकाहरूले उडाए मोज गरे हामी धुनी जगाएर बसेका छौं भन्ने अनुभूतिको अवस्था थियो (श्रेष्ठ, वि.स.२०६०, पृ. १८६) । सरकारमा सहभागी हुन नपाएकोमा सहाना प्रधान र झलनाथ खनाल पनि रुष्ट थिए । पार्टीभित्रैका केही नेताहरूले मनमोहन अधिकारीलाई राप्रपालाई साथ लिएर बस्न नहुने भनी सल्लाह दिए । कतै उनी राप्रपालाई साथ लिएर जान राजी होलान् भनेर त्यसलाई रोक्न सहाना प्रधानले भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का नेता सुरजीत सिंहलाई फोन गरेकी थिइन् ।

जसले गर्दा सुरजीत सिंहको दवाव पनि मनमोहन अधिकारीमाथि पऱ्यो (मैनाली, वि.सं.२०७० जेठ ११) । जतिबेला राप्रपालाई सरकारमा सहभागी गराउन कुरा भइरहेको थियो त्यतिबेला ४, ५ जना मन्त्री दिएको भए उ एमालेसँग मिल्न तयार थियो तर मनमोहन अधिकारीले राप्रपालाई सरकारमा राखेर आफू प्रधानमन्त्री नहुने अडान लिएपछि त्यो प्रयास त्यसै विफल भयो (अन्तर्राष्ट्रिय मञ्च मासिक, वि.स.२०५२, पृ. ५७) । मनमोहन अधिकारी राप्रपालाई साथ लिएर सरकार चलाउदा जनताबाट आलोचित हुनु पर्ने कुरामा बढी सचेत थिए । तर पनि प्रजातान्त्रका लागि लडेको व्यक्तिले जनताबाट चुनिएर आएको शक्तिलाई सधैं प्रतिगामी देखिरहने कुरा उपयुक्त थिएन ।

पाँचवर्षको जनादेश पाएको नेकाको सरकार वीचैमा ढल्नु तर अल्पमतको सरकारले केही नयाँ कामको सुरुवात गरेबाट जनतामा परेको सकारात्मक प्रभावबाट विपक्षीहरू आत्तिनु स्वभाविक थियो । एकातिर विगतमा भएका कमजोरीहरूको उजागार हुदै जाने र राजनीतिक रुपमा पछाडि परिने सोचका साथ संसद्को नियमित अधिवेशन गर्न दिने हो भने सस्तो लोकप्रियता हासिल गर्न र पार्टीको स्वार्थका लागि देश टाट पल्टाउने किसिमको बजेट ल्याउने आशङ्का गर्दै नियमित अधिवेशन अघि नै विशेष अधिवेशन डाक्न पुग्यो (गिरी, वि.सं.२०६७, पृ. २२१) । फलतः राजाले वि.सं.२०५२ साल असार २ गते शुक्रबारका दिन १ बजे प्रतिनिधिसभाको विशेष अधिवेशन बोलाए । त्यसै गरी वि.सं.२०५२ साल जेष्ठ २८ गते नेकाले सरकारका विरुद्ध संसद सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गरायो । नियमित अधिवेशन अगावै सरकारलाई सत्ताच्युत गर्नु नै विपक्षीको एकसुत्रीय उद्देश्य रहन पुग्यो ।

### ८.९ सरकारद्वारा मध्यावधि निर्वाचनको घोषणा

नेपाल कम्युनिस्ट पार्टी एमालेले संविधानको धारा ४२ (१) बाट सरकार वन्न नसकेपछि धारा ४२ (२) अनुसार सरकार गठन भएको अवस्थामा पुनः धारा ४२.१ मा फर्किनु संविधानको भावना र मर्म विपरित हुने ठहर गऱ्यो (नेकपा एमाले, वि.सं.२०५२ जेठ) । फलत प्रधानमन्त्री मनमोहन अधिकारीले वि.सं.२०५२ जेष्ठ २६ गते नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा ४ बमोजिम राजा समक्ष प्रतिनिधिसभा विघटन गरी वि.सं.२०५२ साल कार्तिक ७ गते प्रतिनिधिसभाको निर्वाचन मिति तोक्न सिफारिस गरे । सिफारिसमा संसद्को नवौं अधिवेशनको आह्वान भइसकेपछि प्रमुख प्रतिपक्षमा रहेको नेकाले सरकारलाई संवैधानिक एवम् नियमित प्रक्रियाबाट सरकार चलाउन नदिई मुलुकमा अस्थिरता कायम गर्ने, अन्यौल सिर्जना गर्ने कार्य भएको ठहरसमेत गरेको थियो (अन्तर्राष्ट्रिय मञ्च मासिक, वि.सं.२०५२, पृ. १७) ।

प्रधानमन्त्री मनमोहन अधिकारीले प्रतिनिधिसभा विघटन गर्न प्रस्तुत गरेको सिफारिसका सम्बन्धमा राजाबाट विभिन्न राजनैतिक दलका प्रतिनिधि, संविधानविद् तथा बुद्धिजीवीहरूसँग

परामर्श लिए । तथापि प्रतिपक्षी दलहरूले प्रतिनिधिसभा विघटनको सिफारिस अवैधानिक भएको ठहर गर्दै प्रतिनिधिसभाका १०३ जना संसदहरूले नेकां संसदीय दलका नेता शेरबहादुर देउवालाई संविधानको धारा ४२.१ बमोजिम प्रधानमन्त्री पदमा नियुक्त गरिबक्सन जाहेर गरे (कान्तिपुर, वि.सं.२०५२ जेठ २९) । त्यसै गरी सत्तारूढ दल एमालेको संसदीय दलको बैठकले प्रधानमन्त्रीद्वारा प्रतिनिधिसभा विघटन र मध्यावधि निर्वाचनको लागि भएको सिफारिसलाई सर्वसहमतिबाट समर्थन गरी त्यसको कार्यान्वयन गर्ने माग गऱ्यो । यहाँनिर विचारणीय कुरा के देखिन्छ भने संसद्बाट विकल्प सरकार दिन सकिने अवस्था हुँदाहुँदै मध्यावधि निर्वाचनमा जानु हुँदैन भन्ने मान्यताका साथ गिरिजाप्रसाद कोइरालाले संसद् विघटन गर्दा मनमोहन अधिकारीले आफुले सरकार गठन गर्न पाउनु पर्ने आसयको विन्तिपत्र चढाएका थिए । तर यहानिर फरक के थियो भने यो सरकार नै संविधानको धारा ४२(२) अन्तर्रगत गठन भएको थियो । उक्त धाराका आधारमा बनेको सरकारलाई अविश्वास गरेर धारा ४२(१) मा फर्कने सक्ने आधार थिएन । बरु स्पष्ट रुपमा ४२(४) अन्तर्गत मध्यावधि निर्वाचनमा जानु पर्ने व्यवस्था थियो । तर त्यसलाई सर्वोच्च अदालतका बहुसङ्ख्यक न्यायाधीशले मान्न सकेनन् ।

तत्कालीन सरकारको अवस्था हेर्दा विपक्षीहरूले अविश्वासको प्रस्ताव दर्ता गरी त्यसलाई अगाडि बढाएमा एमालेको सरकारका पक्षमा बहुमत आउन सक्ने अवस्था थिएन र सरकार विघटन हुने निश्चित थियो । त्यही वास्तविकतालाई बुझेर प्रधानमन्त्री मनमोहन अधिकारीले पनि पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अनुशरण गरी संसद् विघटनको सिफारिस गरेपछि विपक्षीहरू संसद् विघटनका विरुद्ध सर्वोच्च अदालतमा रिट दायर गर्न पुगे ।

## ८.१० अदालतमा रिट दायर र फैसला

प्रधानमन्त्रीको सिफारिसमा राजा वीरेन्द्रले निर्वाचन गराउने गरी प्रतिनिधिसभा विघटन गरिएकोमा विपक्षीहरूले असन्तुष्टि जाहेर गरे । उक्त कदमका विरुद्ध राष्ट्रव्यापी विरोध गर्ने निर्णाय पुगे । त्यसै गरी संवैधानिक उपायका लागि विभिन्न पार्टी तथा व्यक्तिहरूले छुट्टाछुट्टै मितिमा प्रतिनिधिसभा विघटन एवम् मध्यावधि निर्वाचनको घोषणालाई 'उत्प्रेरणाको आदेशद्वारा वदर गरी पाऊँ' भन्ने आशयका ७ वटा मुद्दाहरू सर्वोच्च दालतमा दायर गरिए । त्यसरी दर्ता भएका ७ वटा रिटहरूमाथि वि.सं.२०५२ साल श्रावण १ गतेदेखि सर्वोच्च अदालतको विशेष इजालसमा भएको बहस श्रावण १७ गतेसम्म चल्यो । त्यतीबेला पक्ष, विपक्ष तथा वार एशोसियसनका तर्फबाट नियुक्त भएको एमिकसक्युरिका अधिवक्ताहरूले पनि बहसमा भाग लिए ।

लामो समयको बहसपछि भाद्र १२ गते सुनाइएको फैसलामा प्रतिनिधिसभा विघटनका लागि प्रधानमन्त्री मनमोहन अधिकारीले राजासमक्ष चढाएको सिफारिस 'त्रुटिपूर्ण र संवैधानिक

प्रावधानको प्रतिकुल' भएको ठहर गर्दै प्रतिनिधिसभालाई पुनर्जीवित गर्ने फैसला गऱ्यो । ११ जनाको विशेष इजालासमा रहेका ३ जना न्यायाधीशहरूले त्यस निर्णयप्रति असहमति जनाउँदै अलग राय प्रस्तुत गरे (अन्तर्राष्ट्रिय मञ्च मासिक, वि.सं.२०५२, पृ. १५) । उक्त फैसलाका सम्बन्धमा सुरेन्द्र के.सी.को (वि.सं.२०६५) धारणा यस्तो रहेको पाइन्छ :

> वास्तवमा विश्वनाथको त्यो फैसला मुलुकको न्यायपालिका प्रमुखले कार्यपालिका प्रमुखजस्ता पदको विषयमा परेको अदालती फैसलाको मर्यादा अनुकुलको नभइ आफ्नो शत्रु वा प्रतिद्वन्दी विरुद्ध कलुषित भावनाले गर्ने घुस्याहा न्यायाधीशले दिने शैलीको थियो । कुन कुरा अर्कै हो भने प्रधानमन्त्री अधिकारीले मध्यावधिका लागि राजामा गरेको सिफारिस पनि उत्तिकै वदनियतपूर्ण र निकृष्ट थियो तर पनि कार्यपालिकाकै शैलीमा उनलाई दण्ड दिने नियत सर्वोच्चको झन् निकृष्ट देखियो । खासगरी त्यस्ता न्यायाधीश जसले यसअघि यस्तै मुद्दामा त्यस अधिकारलाई प्रधानमन्त्रीको विशेषधिकारका रूपमा व्याख्या गरी सर्वोच्चमा नजिर स्थापित गरिसकेका थिए । (पृ. २८)

उपर्युक्त भनाइलाई हेर्दा प्रतिनिधिसभाबाट चुनिएको प्रधानमन्त्री अल्पमतको र बहुमतको हुन नसक्ने प्राकृतिक न्यायको सिद्धान्तलाई विर्सिएको देखिन्छ भने आफैले एक पटक निर्णय गरी बनाएको नजिरलाई वेवास्ता गर्नुले पनि निर्णयप्रति आशङ्का उठ्नु स्वभाविक देखिन्छ । यस सम्बन्धमा राजेश गौतमको धारणा यस्तो रहेको पाइन्छ :

> संसदीय शासन प्रणालीमा प्रधानमन्त्री नै कार्यकारणी प्रमुख हुन्छन् । संसद विघटन गर्ने प्रधानमन्त्रीको अधिकार हो । त्यो अधिकारलाई त्यतिवेला प्रधानन्यायाधीश रहेका विश्वनाथ उपाध्ययाले खोसेका थिए । उनले प्रधानमन्त्रीलाई अपदस्थ गर्ने कार्यमा भूमिका खेलेका थिए । भारतमा यसै किसिमको घटनाले वैधानिक मान्यता पाएको थियो । विश्वमा रहेको प्राक्टिस हेर्दा पनि त्यो निर्णय गलत मानसिकताबाट गरिएको थियो । जसले संसदीय व्यवस्थालाई नै उपहास गरेको थियो । (वि.स.२०७१ असोज ७)

उपर्युक्त भनाईअनुसार संबैधानिक व्यवस्था, संसदीय मान्यता र आफैद्वारा प्रतिपादित सिद्धान्तको प्रतिकुल सर्वोच्च अदालतले निर्णय गऱ्यो । संवैधानिक विकासकै क्रममा रहेको अवस्थामा विश्वमा स्थापित भएका नजिरहरूलाई समेत ख्याल गर्नु पर्नेमा आफैले गरेको निर्णयलाई समेत पछिल्लो पटक उल्टायो । त्यस खालको निर्णय गर्ने प्रधान न्यायाधीसलाई कुनै राजनीतिक पार्टीले सांसदमा मनोनीत गरेर गुन तिर्न खोज्नुले संसद व्युताउने निर्णय पुर्वाग्रही एवम् कसैको दवावमा परेर गरिएको थियो भन्ने कुरालाई बल पुग्दछ । जुन निर्णयले राजनीतिक अस्थिरता बढाउन गई देशमा माओवादी सशस्त्र आन्दोलन भयो ।

सर्वोच्च अदालतले गरेको फैसलाका बारेमा मिश्रित प्रतिक्रिया आइरहेका बेला एमालेले पनि उक्त फैसलालाई सकरात्मक रूपमा लिन सकेन । देशी विदेशी प्रतिकृयावादीहरूको षडयन्त्र र "संवैधानिक कु" द्वारा एमाले सरकार गिराइएको हो भन्ने उसको ठहर रह्यो (नेकपा एमाले, वि.सं.२०५२ महिना अनु.) । हुन पनि संबिधानकै भावनानुसार राजाले निश्चित समय दिएर बहुमत पुऱ्याएर आउन आह्वान गरेका थिए । यदि जतिबेला पायो त्यतिबेला बहुमत पुऱ्याउने र सरकार गठन गर्न पाउने संविधानले सुविधा दिएको थियो भने किन राजाले समयावधि तोक्नु

पऱ्यो ? भन्ने प्रश्न पनि आजसम्म अनुत्तरित नै रहँदै आएको छ । अदालतको फैसलापछि एमालेका कार्यकर्ताहरू 'सत्ता नछाड एमाले रगत दिन तयार छौं' भन्दै सडकमा निक्लिन थाले । जति नै असहमति जनाए तापनि आखिर सर्वोच्चको फैसलालाई स्वीकार नगरी धरै थिएन । तथापि आफैले स्थापित गरेको नजिर तोड्नु, संसदीय व्यवस्थाको उपहास गर्नु, अन्तर्राष्ट्रिय रूपमा स्थापित मूल्य मान्यतालाई पुरै बेवास्ता गर्नु जस्ता कारणलाई हेर्दा तत्कालीन प्रधानन्यायाधीस कतैबाट प्रभावित थिए कि भन्ने प्रश्न उठ्नु स्वभाविक देखिन्छ जुन अनुसन्धानको विषय बन्न सक्छ ।

## ८.११ सरकारबाट राजीनामा

देशमा भएको अविरल वर्षाका कारण तराईका विभिन्न भागमा आएको वाढीको निरीक्षण गर्ने क्रममा प्रधानमन्त्री मनमोहन अधिकारी चढेको हेलिकप्टर साउन २९ गते बर्दिया जिल्लाको राप्ती नदीको किनारमा दुर्घटनामा पऱ्यो (हफ्टन, रेपर, हवोल्पटन, सन् १९९९, पृ. २१३) । घाइते अवस्थामा रहेका प्रधानमन्त्रीलाई त्यहाँबाट सोझै त्रि.वि.शिक्षण अस्पताल महाराजगञ्जमा आइसियुमा राखेर उपचार सुरु गरियो (अन्तर्राष्ट्रिय मञ्च मासिक, वि.सं.२०५२, पृ. १३) । प्रधानमन्त्री मनमोहन अधिकारीले त्रि.वि.शिक्षण अस्पतालको शैयाबाट सर्वोच्च अदालतको फैसलापछि राष्ट्रको नाममा जारी गरेको अपिललाई गोरखापत्रमा यसरी उल्लेख गरेको पाइन्छ :

> हामीले सधैं जनताको निर्णयमा विश्वास गऱ्यौं । देशमा उत्पन्न राजनीतिक अस्थिरता र अन्यौललाई पनि जनताकै निर्णयबाट समाप्त गर्न चाह्यौं । हामी यस्तो प्रजातन्त्रिक र सदासयतायुक्त पाइला अवरुद्ध हुने स्थितिमा पनि हामीले जनतासामु अविचलित रूपमा उभिनु आफ्नो कर्तव्य ठानेका छौं । आउने चुनौतिहरूलाई जननिर्वाचित सांसदका सामु निर्भिकता र इमानदारिपूर्वक उभिएर सामना गर्न तत्पर रहेका छौं । विगतमा पनि हामीले जनताबाट भाग्ने होइन जनताको निकटमा जानकै निम्ति निर्वाचनमा जाने विकल्प रोजेका थियौं । आज हाम्रो सामु पुनः एउटा चुनौती उत्पन्न भएको छ । यसलाई उच्च प्रजातान्त्रिक र देशभक्तिपूर्ण भावना एवम् धैर्य राखी सामना गर्न म सम्पूर्ण जनसमुदायमा हार्दिक आह्वान गर्दछु (वि.सं.२०५२ भाद्र १४) ।

उपयुक्त भनाइबाट यो बुझ्न सकिन्छ कि मनमोहन अधिकारीले जनतालाई आफ्नो शक्तिका रुपमा लिदै जनताको निर्णय नै आफूलाई मान्य हुने बताईरहेका थिए । संसद विघटन र निर्वाचनको सिफारिस जनताबाट भाग्न नभई उनीहरूकै मतका आधारमा फैसला गर्न चाहेका थिए भन्न सकिन्छ ।

सर्वोच्च अदालतको वि.सं.२०५२ साल भदौ १२ गतेको फैसलापछि राजाबाट प्रतिनिधिसभाको विशेष अधिवेशन वि.सं.२०५२ भदौं २० गते मंगलबारका दिन अपरान्ह ५ बजे संसद भवन सिंहदरवारमा बस्ने गरी पुन आह्वान गरियो । राजाबाट आह्वान भई असार २ गते बस्ने भनिएको विशेष अधिवेशन प्रतिनिधिसभाको विघटनको कारणले उक्त मितिमा बस्न सकेन । त्यसअघि राजासमक्ष प्रधानमन्त्री मनमोहन अधिकारीले चिकित्सकहरूबाट आफूलाई कम्तीमा अझै

तिन साता पूर्णरूपले उपचार शैयामै रही आराम गर्नु पर्ने सल्लाह दिएकाले उक्त अवधिमा अधिवेशन बस्ने मिति नतोक्न बिन्ति चढाए । जसमा तत्कालीन राजनीतिक घटना र त्यससँग आफ्नो सम्बन्धका बारेमा स्पष्ट उल्लेख गरिएको थियो । त्यसै व्यहोराको एकपत्र प्रतिनिधिसभाका सभामुख रामचन्द्र पौडेललाई पनि पठाएका थिए ।

प्रधानमन्त्रीले तत्काल अधिवेशन नबोलाउन बिन्तिपत्र चढाए पनि विपक्षीहरूले छिटोभन्दा छिटो अधिवेशन बोलाउनु पर्ने दवाव दिइरहेका थिए । फलतः राजाबाट वि.सं.२०५२ भाद्र २० गते ५ बजे संसद् भवनमा विशेष अधिवेशन आह्वान भयो । अधिवेशनमा त्रि.वि.शिक्षण अस्पतालबाट प्रधानमन्त्री मनमोहन अधिकारीले सभामुख मार्फत प्रजातन्त्रमा सत्तामा आउने र जाने कुरा सामान्य प्रक्रिया भएको हुँदा प्रतिनिधिसभाको आफुप्रति विश्वास नभए एक मिनेट पनि कुर्चीमा नबस्ने भन्दै आफूप्रति अविश्वास व्यक्त गर्ने माननीय सांसदहरूको हक छ । तर अविश्वासको सामना गर्ने आफ्नो संवैधानिक अधिकारको रक्षा पनि प्रतिनिधिसभाले गर्नु पर्दछ भन्ने आसयका साथ सांसद् सदस्यहरूलाई एक सन्देश पठाए । उनले त्यस किसिमको पत्र पठाए तापनि संसद्को अधिवेशन भने चलिनै रह्यो । प्रधानमन्त्री उपर प्रतिनिधिसभाको विश्वास छैन भनी प्रमुख प्रतिपक्ष दल नेका संसदीय दलका नेता शेरबहादुर देउवाले वि.सं.२०५२ साल भाद्र २५ गते प्रतिनिधिसभाको विशेष अधिवेशनमा प्रस्ताव प्रस्तुत गरे । प्रधानमन्त्री मनमोहन अधिकारीले प्रतिपक्षद्वारा राखिएको अविश्वासको प्रस्तावमा लगाइएका आरोपहरूको खण्डन त्रि.वि.शिक्षण अस्पतालको शैयाबाटै गर्ने व्यवस्था मिलाइएको थियो । अस्पतालको शैयाबाट सभामुखमार्फत सांसद्हरू समक्ष प्रतिउत्तर दिए । लिखित रूपमा रहेको उक्त प्रतिउत्तर केही अंश आफुले पढेपछि बाँकी उपप्रधानमन्त्री माधवकुमार नेपालले पढेर सुनाए ।

प्रधानमन्त्रीले दिएको जवाफ उपप्रधानमन्त्री माधवकुमार नेपालले सदनमा टेबुल गरेपछि पनि प्रस्ताव फिर्ता नलिएपछि नियमानुसार मतदान हुँदा प्रस्तावको पक्षमा १०७ र विपक्षमा ८८ मत पर्न गई बहुमतद्वारा प्रस्ताव पारित भएपछि प्रधानमन्त्री मनमोहन अधिकारीले राजिनामा दिए । जनचाहनाअनुसार काम नगर्नेहरू छिट्टै सत्ताबाट हट्ने कुरा स्वाभाविक भए तापनि मनमोहन अधिकारीको सरकार राम्रो काम गरेका कारण सत्ताबाट हट्नु पर्दाको एउटा कारण थियो (बर्मा, वि.सं.२०७१ असार ११) । अतिवादबाट पिडित पार्टीले सरकार चलाउनु ठट्टाको कुरा होइन भन्ने नारायणमान विजुक्छेको भनाई रहेको थियो (नेपालीपत्र, वि.सं.२०५२ मङ्सिर ९) । सत्ताबाट हट्नका लागि सत्ताधारीहरूले नचाहँदा विश्वमा त्यसका लागि ठूलठूला आन्दोलन समेत भएका छन् तर मनमोहन अधिकारीले आफूमाथि प्रतिनिधिसभाका बहुमत सदस्यहरूले अविश्वास जनाएको खण्डमा एक मिनेट पनि सत्तामा रहन चाहेनन् । आफ्नै पार्टीका कार्यकर्ता सत्ता नछाड्न भन्दै सडकमा उत्रिएका थिए तर त्यसलाई उनले कुनै हिसावले पनि जायज मानेनन् । देश र

जनताका निम्ति अनवरत रूपमा एउटै बाटोमा हिँडेका मनमोहन अधिकारी व्यवहारमा शिष्ट र शालीन त थिए नै राजनैतिक क्षेत्रमा पनि मूल्य र मान्यताको एउटा मर्यादालाई कायमै राख्न सफल भए । उनले राजनीति गर्न प्रारम्भ गर्दा कम्युनिस्ट भएर कहिले जेलनेल त कहिले भूमिगत जीवन बिताउँदा भविश्यमा कुनै दिन मन्त्री वा प्रधानमन्त्री बन्न सकिन्छ भन्ने किसिमको अनुमान गर्ने वातावरण थिएन । पछिल्ला दिनमा त संसारमा नै कम्युनिस्टहरूका ठूल्ठूला किल्ला र दुर्गहरू ढल्दै थिए । संसारबाट कम्युनिस्टहरू समाप्त हुँदैछन् भन्ने पूँजीवादी सोच राख्नेहरूले अफवाह चलाइरहँदा नेपालको इतिहासमा पहिलो पटक कम्युनिस्ट पार्टीको नेतृत्व गर्दै प्रधानमन्त्री बन्ने अवसर मनमोहन अधिकारीले पाए । उनको स्वभाव र उनले देखाएको सुझबुझपूर्ण व्यवहारबाट के पुष्टि हुन्छ भने उनी प्रजातन्त्रप्रति निष्ठावान र राज्यसत्तालाई प्रजातान्त्रिक परिपाटीअनुसार चलाउनु पर्छ भन्ने मान्यतामा विश्वास गर्ने परिपक्व नेता भएको देखिन्छ ।

## ८.१२ निष्कर्ष

वि.सं. २०५१ सालको मध्यावधि निर्वाचनको परिणाम जनताका लागि भन्दा पनि दुई तिहाई ल्याउने भनी घोषणा गर्ने नेकाका लागि अप्रत्याशित थियो । चुनावी परिणामले नेकालाई प्रतिपक्षमा बस्ने जनादेश दिएको भए पनि पूनः सत्तामा रहन अनेकौं प्रयास गर्‍यो । एमाले पनि नेकाको नेतृत्वमा दुईचारवटा मन्त्रालय लिएर सरकारमा जानुभन्दा आफैले सरकारको नेतृत्व गर्ने प्रतिक्षामा रह्यो । सरकार गठनको प्रक्रिया स्वाभाविक भए तापनि नेकाले प्रतिपक्षीमा बस्नु परेको कुरालाई सहज रुपमा लिन सकेन । त्यसैले छोटो समयमै सरकारप्रति नकारात्मक धारणा प्रस्तुत गर्न थाल्यो । जुन धारणामा अन्य दलहरू पनि क्रमशः मिल्दै जानथाले । एकातिर सत्ता बाहिर बस्नु पर्दाको छटपटी अर्कोतर्फ सरकारले सुरु गरेका कामबाट जनतामा पर्दै गएको सकारात्मक प्रभावबाट विपक्षी दलहरू खासगरी नेका सशङ्कित बन्न पुग्यो । हेलिकप्टर दुर्घटनामा परी उपचार गराइ रहेकै अवस्थामा अस्पतालबाट निस्कने मौकासम्म नदिई सैयाबाटै संसद्मा प्रत्युत्तर दिनु पर्ने गरी अविश्वासको प्रस्तावमाथि छलफल चलाइयो र मतदान भयो । अविश्वासको प्रस्तावमा पराजय भएपछि उनले राजीनामा गरे । निष्ठाको राजनीतिमा मनमोहन अधि

कारी सकेसम्म अडिन प्रयास गरे । उनी जनताको नजरमा प्रभावशाली प्रधानमन्त्री भए तापनि संसदमा गणितिय हिसावले कमजोर थिए । त्यती हुँदाहुँदै पनि नेपालको इतिहासमा यो सरकारले नेपाली जनतामा बलियो विश्वास र जनकल्याणकारी केही नयाँ कामको थालनि गरेर आशा र उत्साह जगाउन सफल भयो । जुन कार्यक्रमलाई त्यसपछि बनेका कुनै पनि सरकारले उपेक्षा गर्न सकेनन् । तिनै कुरा मनमोहन अधिकारीको परिचय बनेर रहेका छन् ।